# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ६१ | काठमाडौं | मंगलबार, ९ असार २०८३ | Prabhab National Daily | Tuesday, 23 June 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# रास्वपा महाधिवेशनमा पाँच गुटको अभ्यास

## भागबण्डा नमिल्दा धकेलियो बन्दसत्र



- सभापति लामिछाने, वरिष्ठ नेता शाह र उपसभापति डा. स्वर्णिम वाग्लेको गुट प्रस्ट देखिँदा विराजभक्त श्रेष्ठ र समीक्षा बास्कोटा पनि समूह निर्माणको प्रयासमा
- वालेन्द्रलाई चार पदाधिकारी र स्वर्णिमलाई दुई पदाधिकारी दिने तयारी
- कुलमान घिसिङको पार्टी उज्यालो नेपालबाट प्रवेश गरेकाहरूलाई पनि व्यवस्थापन गर्ने तयारी

| मन्त्रीहरूको दाबी कुन-कुन पदमा ? | |
|---|---|
| प्रधानमन्त्री वालेन्द्र शाह- | वरिष्ठ नेता |
| अर्थमन्त्री डा. स्वर्णिम वाग्ले- | उपसभापति |
| परराष्ट्रमन्त्री शिशिर खनाल- | महामन्त्री |
| ऊर्जामन्त्री विराजभक्त श्रेष्ठ- | उपसभापति |
| गृहमन्त्री सुधन गुरुङ- | उपसभापति वा सहमहामन्त्री |
| पूर्वाधारमन्त्री सुनिल लम्साल- | उपसभापति |
| कानुनमन्त्री सोविता गौतम- | उपसभापति |
| भूमिमन्त्री प्रतिभा रावल- | उपसभापति |
| शिक्षामन्त्री सस्मित पोखरेल- | केन्द्रीय सदस्य |
| कृषिमन्त्री गीता चौधरी- | केन्द्रीय सदस्य |

■ प्रभाव संवाददाता

**काठमाडौं–** उद्घाटनसत्रमा गुटबन्दी नगर्न सभापति रवि लामिछाने र वरिष्ठ नेता तथा प्रधानमन्त्री वालेन्द्र शाहले चेतावनी दिए पनि सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वा) भित्र पाँच गुट देखिएका छन् । जसकारण सोमबार हुने भनिएको बन्दसत्र धकेलिएको छ ।

सोमबार बिहानै सुरू हुने भनिएको बन्दसत्र महाधिवेशन प्रतिनिधिको विवाद देखाउँदै आज (मंगलबार)सम्मका लागि सारिएको हो । मुख्यतया सभापति लामिछाने, वरिष्ठ नेता शाह र उपसभापति डा. स्वर्णिम वाग्लेको गुट प्रस्ट देखिँदा अहिले विराजभक्त श्रेष्ठ र समीक्षा बास्कोटाले पनि समूह निर्माणको प्रयासमा लागेका छन् ।


पार्टी स्थापनाको केही समयमै समानान्तर गुट बनाउने प्रयासमा लागेका विराजभक्त अहिले सरकारमा ऊर्जामन्त्री छन् । विराजभक्तले उपसभापतिमा उम्मेदवारी दिने तयारी गरेसँगै सभापति लामिछाने तनावमा परेका छन् । तीन उपसभापतिमध्ये दुई उपसभापतिमा स्वर्णिम र सुनिल लम्साल लगभग निश्चित भइसकेको अवस्थामा विराजभक्त निर्वाचनमा उत्रेमा लामिछानेलाई अप्ठेरो पर्ने एक नेताले बताए । 'स्वर्णिमलाई उपसभापति दिनैपर्‍यो । वालेन्द्रको टिमबाट सुनिललाई उपसभापति बनाए विराज अघि बढ्ने देखिन्छ । विराजले उम्मेदवारी दिए जित उनकै पक्षमा आउँछ,' ती नेताले भने ।

क्रमशः पृष्ठ २ मा

# सम्पत्ति शुद्धीकरण प्रकरणमा पूर्वअर्थमन्त्री पौडेल पक्राउ

## सुर्खेतबाट पक्राउ, भैंसेपाटीस्थित निवासमा छापा

■ जेबी योञ्जन



- पार्टीको कार्यक्रममा सहभागी हुन सुर्खेत पुगेका पौडेल कार्यक्रमस्थलबाटै सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको नियन्त्रणमा
- आठपटक मन्त्री र पाँचपटक अर्थमन्त्री बनेका पौडेलमाथि सत्तामा रहँदा राज्यको स्रोत दुरूपयोग, विवादास्पद व्यापारिक समूहसँगको सम्बन्ध र शंकास्पद आर्थिक लाभसँग जोडिएको विषयमा अनुसन्धान हुने
- सम्पत्ति शुद्धीकरण प्रकरणमा मुद्दा चलाइएका व्यवसायी दीपक भट्टसँग सम्बन्ध रहेको पाइएपछि पक्राउ गरिएको दाबी
- पौडेलको पक्राउप्रति एमाले अध्यक्ष केपी शर्मा ओलीको अपत्ति, अपहरण शैलीमा गैरकानुनी ढंगले पक्राउ गरिएको भन्दै निन्दा

**काठमाडौं–** पूर्वउपप्रधान तथा अर्थमन्त्री एवं नेकपा एमालेका उपाध्यक्ष विष्णुप्रसाद पौडेल सम्पत्ति शुद्धीकरण अनुसन्धानका लागि पक्राउ परेका छन् । आठपटक मन्त्री र पाँचपटक अर्थमन्त्री बनेका पौडेलमाथि सत्तामा रहँदा राज्यको स्रोतको दुरूपयोग, विवादास्पद व्यापारिक समूहसँगको सम्बन्ध र शंकास्पद आर्थिक लाभसँग जोडिएको प्रकरणमा अनुसन्धान हुने भएको छ ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले सोमबार उनलाई सुर्खेतबाट नियन्त्रणमा लिएको हो । अनुसन्धानमा संलग्न स्रोतहरूका अनुसार पौडेलमाथि हालसम्म औपचारिक अभियोग दर्ता भइसकेको छैन । तर, विभागले उनीमाथि सम्पत्तिको स्रोत, सेयर कारोबार र सार्वजनिक पदमा रहँदा प्राप्त हुन सक्ने आर्थिक लाभबारे गम्भीर अनुसन्धान अघि बढाएको छ ।

विभागनिकट स्रोतका अनुसार अनुसन्धानको प्रमुख आधारमध्ये एउटा पौडेलसँग जोडिएको सेयर कारोबार हो । पछिल्ला वर्षहरूमा विभिन्न कम्पनीका सेयर खरिद-बिक्री तथा त्यसबाट आर्जित सम्पत्तिको स्रोतबारे विभागले अध्ययन गरिरहेको बताइएको छ । सम्पत्ति शुद्धीकरण प्रकरणमै मुद्दा चलाइएका व्यवसायी दीपक भट्टसँग एमाले नेता पौडेलको सम्बन्ध खुलेपछि पक्राउ गरिएको स्रोतको दाबी छ । भट्टसहित उक्त समूहमा जोडिएकाहरूविरुद्ध मुद्दा दायर भइसकेको छ । उनीहरूलाई अहिले पुर्पक्षका लागि थुनामा राखिएको छ ।

अनुसन्धानकर्ताहरूले भट्ट र उनीसँग जोडिएका व्यावसायिक समूहहरूमाथि अनुसन्धान गर्दा पौडेलसँग सम्बन्धित आर्थिक विवरणहरूसमेत फेला परेको दाबी गरेका छन् । ती विवरणको आधारमा सम्पत्तिको वृद्धि, लगानीको प्रकृति र आम्दानीको स्रोतबीच मेल खान्छ कि खाँदैन भन्ने विषयमा अनुसन्धान भइरहेको बताइएको छ ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले पौडेलमाथि राज्यशक्तिमा रहँदा केही व्यापारिक तथा स्वार्थ समूहलाई फाइदा पुग्ने निर्णयहरू गरेको र त्यसको बदलामा प्रत्यक्ष वा अप्रत्यक्ष लाभ लिएको हुनसक्ने आशंकामाथि पनि अनुसन्धान गरिरहेको स्रोतको दाबी छ । पौडेल लामो समय अर्थ मन्त्रालयको नेतृत्वमा रहे । अर्थमन्त्रीका रूपमा उनले कर नीति, लगानी नीति, बैंकिङ क्षेत्र, पूर्वाधार आयोजना र विभिन्न आर्थिक निर्णयहरूमा निर्णायक भूमिका खेलेका थिए ।

यही पृष्ठभूमिमा कतिपय व्यावसायिक समूहसँग उनको सम्बन्ध तथा ती समूहबाट प्राप्त हुन सक्ने सम्भावित आर्थिक लाभबारे अनुसन्धान केन्द्रित भएको बताइन्छ । अनुसन्धान अधिकारीहरूका अनुसार अहिले कुनै निष्कर्षमा पुगिसकिएको छैन । तर, राज्यको उच्च पदमा बसेका व्यक्तिको सम्पत्तिमा अस्वाभाविक वृद्धि भएको देखिए त्यसको स्रोत पुष्टि गर्नुपर्ने कानुनी दायित्व हुने भएकाले विस्तृत अनुसन्धान आवश्यक भएको निष्कर्षमा विभाग पुगेको छ ।

पक्राउअघि विभागको टोलीले ललितपुरको भैंसेपाटीस्थित पौडेलको निवासमा छापा मारेको थियो । त्यहाँबाट विभिन्न कागजात, वित्तीय अभिलेख तथा अनुसन्धानमा उपयोगी हुन सक्ने सामग्री नियन्त्रणमा लिइएको बताइएको छ ।

क्रमशः पृष्ठ २ मा

ओलीको आक्रोश

### अपहरण शैलीमा पक्राउ गरियो

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पार्टी उपाध्यक्ष विष्णुप्रसाद पौडेललाई अपहरण शैलीमा पक्राउ गरिएको भन्दै भर्त्सना गरेका छन् । उनले सोमबार साँझ प्रेस विज्ञप्ति जारी गर्दै पौडेलको गिरफ्तारी गैरकानुनी भएको दाबी गरेका छन् ।

'नेकपा एमालेका उपाध्यक्ष कमरेड विष्णुप्रसाद पौडेललाई पार्टीको सांगठनिक कार्यक्रमका सिलसिलामा सुर्खेतमा रहेका बेला सरकारले गैरकानुनी ढंगले अपहरणको शैलीमा गिरफ्तार गरेको छ, त्यसप्रति हाम्रो पार्टी घोर निन्दा र भर्त्सना गर्दछ,' विज्ञप्तिमा भनिएको छ ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भ: वैदेशिक रोजगार

# केयरगिभरका लागि मागभन्दा न्यून परीक्षार्थी उत्तीर्ण

- इजरायलको माग २,३०० जना
- भाषा परीक्षामा उत्तीर्ण १,२३१ जना
- परीक्षामा सहभागी १५,६२६ जना
- भाषा परीक्षामा उत्तीर्ण सबैले अवसर पाउने सम्भावना
- यसअघि मागभन्दा बढी उत्तीर्ण हुँदा चिट्ठामार्फत छनोट गर्दै आएको थियो

■ प्रभाव संवाददाता

**काठमाडौं–** इजरायलको दीर्घकालीन स्याहार केन्द्रमा रोजगारीका लागि लैजान सञ्चालन गरिएको अंग्रेजी भाषा परीक्षामा माग गरिएकोभन्दा थोरै परीक्षार्थी उत्तीर्ण भएका छन् । इजरायलले हालै खुलाएको आवेदनमा दुई हजार ३०० जना नेपाली श्रमिक माग गरेको छ । तर, भाषा परीक्षामा एक हजार २३१ जनामात्र उत्तीर्ण भएका छन् । वैदेशिक रोजगार विभागका अनुसार उक्त परीक्षामा १५ हजार ६२६ जना सहभागी भएका थिए ।

इजरालयका लागि आवश्यक अंग्रेजी भाषा परीक्षा विगतकोभन्दा कठिन भएकाले थोरै परीक्षार्थी उत्तीर्ण भएको बुझिएको छ । हाल परीक्षार्थीहरूले सिआइआइएन इन्टरनेसनल क्वालिफिकेसनले लिने 'बी वान् लेभल'को परीक्षा उत्तीर्ण गर्नुपर्छ । केही समयअघि सिआइआइएनले लिने परीक्षाको व्यवस्थापनका विषयमा संसद्मा समेत प्रश्न उठेको थियो । यसअघि ब्रिटिस काउन्सिल या क्यामब्रिजले लिने टेस्ट तुलनात्मकरूपमा सजिलो भएको बताइँदै आएको छ । यद्यपि, भाषा परीक्षा कसले लिने भनेर इजरायलको पपुलेसन इमिग्रेसन एण्ड बोर्डर अथोरिटी (पिवा)ले तोक्ने गरेको छ ।

इजरायलले विगतमा मागभन्दा धेरै योग्य कामदारको सूची तयार पारेर चिट्ठा प्रणालीबाट छनोट भएका कामदार लग्दै आएको थियो । यसपटक भने आवश्यकताभन्दा न्यून उत्तीर्ण भएकाले बाँकी प्रक्रिया पूरा गर्ने कामदार लग्न सक्ने वैदेशिक रोजगार विभागको इजरायल शाखाका एक अधिकारीले बताए । 'विगतमा धेरै पास गराएर लट्री गर्दै आएको थियो,' उनले भने, 'यो चोटि अरू डकुमेन्टेसनमा पास हुनुभयो भने सायद सबैलाई लिन्छ होला । यद्यपि, कसरी अघि बढ्ने भनेर इजरायलसँग छलफल गर्छौं ।'

अब प्रारम्भिक छनोटमा परेका उम्मेदवारको नामावली इजरायली पक्षलाई पठाउने तयारी विभागको रहेको छ । अन्तिम छनोटपछि मात्रै रोजगार प्रक्रियामा सहभागी गराउने प्रावधान छ ।

हाल २०८१ मा आवेदन दिएकाहरू इजरायल गइरहेका छन् । त्यसबेला आवेदन दिएकामध्ये दुई हजार ११२ जना गोलाप्रथाबाट छनोट गरिएको थियो । हालसम्म एक हजार ६०० भन्दा बढी इजरायल गइसकेका छन् ।

# लोकतान्त्रिकमा नवनिर्वाचित कार्यसमितिको पदवहाली




**काठमाडौं (प्रस)-** नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको नवनिर्वाचित कार्यसमितिले पदभार ग्रहण गरेको छ । सोमबार बिहान धार्मिक विधिअनुसार पूजाआजा गरी एसोसिएसनका नवनिर्वाचित अध्यक्ष रामप्रसाद गैरे नेतृत्वको कार्यसमितिले बानेश्वरस्थित कार्यालयमा औपचारिकरूपमा पदभार ग्रहण गरेको हो ।

पदवहाली गर्दै अध्यक्ष गैरेले व्यवसायीका समस्यामा ध्यान दिँदै संस्थालाई एकताबद्ध गर्ने बताए । व्यवसायीलाई दुःख दिने सिण्डिकेटकोविरुद्ध निरन्तर खबरदारी गर्ने प्रतिबद्धता गैरेले जनाए । कार्यक्रममा एसोसिएसनका निवर्तमान अध्यक्ष दीपक थापाले पदभार हस्तान्तरण गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गरेका थिए ।

गत शुक्रबार सम्पन्न एसोसिएसनको १३औं साधारणसभा तथा निर्वाचनबाट १९ सदस्यीय कार्यसमिति चयन भएको हो । एसोसिएसनको प्रथम उपाध्यक्षमा सुवर्ण लामा, द्वितीय उपाध्यक्षमा हर्कबहादुर लिम्बू, तृतीय उपाध्यक्षमा हिरादेवी बुढाथोकी, महासचिवमा सुमनराज पाण्डे, सचिव हिमा गुरुङ, सहसचिव जगतबहादुर गुरुङ, कोषाध्यक्षमा भिममाया कार्की र सहकोषाध्यक्षमा कैलाश पाठक निर्वाचित भएका थिए । साथै, १० जना कार्यसमिति सदस्य पनि सोही साधारणसभाबाट निर्वाचित भएका थिए ।

राहदानी छपाइमा अनियमितता प्रकरण

# महानिर्देशक अर्यालसहित १६ जनाविरुद्ध मुद्दा दर्ता

- राहदानी विभागका महानिर्देशक अर्याल र सूचना प्रविधि निर्देशक सुनिलकुमार केसीविरूद्ध १० अर्ब १३ करोड चार लाख ६१ हजार रूपैयाँ बराबरको बिगो दाबी
- राहदानीको ठेक्का लिएको जर्मन कम्पनी भेरिडास जिएमबिएचका नेपाल प्रतिनिधि सिद्धार्थ थापाविरूद्ध आठ अर्ब २२ करोड ३५ लाख चार हजार रूपैयाँ बराबरको बिगो माग
- म्युलबैरका नेपाल प्रतिनिधि मणिन्द्रराज मल्लविरूद्ध एक अर्ब ९० करोड ६९ लाख ५७ हजार रूपैयाँ बराबरको बिगो दाबी




■ प्रभाव संवाददाता

**काठमाडौं–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले राहदानी छपाइसम्बन्धी कार्यमा भ्रष्टाचार गरेको अभियोगमा राहदानी विभागका महानिर्देशक तीर्थराज अर्यालसहित १६ जना तथा सम्बद्ध कम्पनीविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

अख्तियारका प्रवक्ता सुरेश न्यौपानेका अनुसार सोमबार १० अर्ब १३ करोड चार लाख ६१ हजार रूपैयाँबराबरको बिगो दाबी र कैद सजायको माग गर्दै मुद्दा दायर गरिएको हो । पासपोर्ट छपाइमा अनियमितता गरेको अभियोगमा महानिर्देशक अर्याललाई गत सोमबार पक्राउ गरिएको थियो ।

विभागका महानिर्देशक अर्याल, सूचना प्रविधि निर्देशक सुनिलकुमार केसीसहितलाई मुद्दा दायर गरेसँगै १० जना कर्मचारी नै निलम्बनमा परेका छन् । तत्कालीन निर्देशक शत्रुध्वनप्रसाद शर्मा पोखरेल, निर्देशक रवीन्द्र राजभण्डारी, लेखा अधिकृत तुलसीप्रसाद आचार्य, कम्प्युटर इञ्जिनियर विपिन प्रसाईं, शाखा अधिकृत सोमेश थापाविरुद्ध समान बिगो मागदाबी गरिएको छ । आयोगले परराष्ट्र मन्त्रालयका तत्कालीन उपसचिवद्वय राजाराम दाहाल र पुष्करराज नेपाल (कानुन), उपसचिव (लेखा) भेषप्रसाद भूर्तेलविरुद्ध समान बिगो माग दाबी गरेको छ ।

विभागले एक वर्षअघि दुईवटा जर्मन कम्पनीलाई पासपोर्ट छपाइको ठेक्का दिएको थियो ।

ठेक्का पाएका कम्पनी भेरिडोस जिएमबिएच र म्युहलबौयर आइडी सर्भिसलाई पनि मुद्दामा प्रतिवादी बनाइएको छ ।

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमश:

## सम्पत्ति शुद्धीकरण...

ती कागजातको अध्ययनबाट बैंकिङ कारोबार, लगानी, सम्पत्ति खरिद-बिक्री तथा सम्बन्धित वित्तीय गतिविधिबारे थप तथ्य खुल्ने अपेक्षा अनुसन्धानकर्ताहरूको छ । स्रोतका अनुसार अहिले संकलित सामग्रीको फरेन्सिक तथा वित्तीय विश्लेषण गर्ने तयारी भइरहेको छ ।

पौडेल पक्राउ पर्दा पार्टीको कार्यक्रमका लागि सुर्खेत पुगेका थिए । एमालेले देशभर पार्टी पुनर्गठनसम्बन्धी सुझाव संकलन अभियान सञ्चालन गरिरहेकोमा सोही अभियानका क्रममा उनी सुर्खेत पुगेका थिए । सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धानका लागि पक्राउ पुर्जी जारी भएपछि विभागको समन्वयमा प्रहरीले उनलाई सुर्खेतस्थित एक होटलबाट नियन्त्रणमा लिएको थियो । त्यसपछि उनलाई जिल्ला प्रहरी कार्यालय लगिएको थियो । प्रारम्भिक प्रक्रिया पूरा गरेपछि नेपालगञ्ज पुर्‍याइएको थियो । उनलाई सोमबार साँझ नै सडकमार्गबाट काठमाडौं पठाइएको नेपालगञ्ज प्रहरी स्रोतले जानकारी दिएको छ ।

आज विशेष अदालतबाट म्याद थप गरी औपचारिक अनुसन्धान अघि बढाउने तयारी विभागले गरेको छ । पौडेल नेपालको कम्युनिस्ट आन्दोलनका प्रभावशाली नेतामध्ये एक मानिन्छन् । २०३४ सालदेखि राजनीतिमा सक्रिय रहेका उनी एमालेभित्र अध्यक्ष केपी शर्मा ओलीपछि सबैभन्दा प्रभावशाली नेतामध्ये एकका रूपमा चिनिन्छन् ।

उनले युवा तथा खेलकुदमन्त्री, जलस्रोतमन्त्री, रक्षामन्त्री तथा पाँचपटक अर्थमन्त्रीको जिम्मेवारी सम्हाले । तीनपटक उपप्रधानमन्त्रीसमेत बनेका पौडेलले नेपालको आर्थिक नीति निर्माणमा लामो समय प्रभाव पारेका थिए । २०७५ सालमा तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को महासचिव बनेका उनी हाल एमालेका उपाध्यक्ष छन् ।

लामो राजनीतिक यात्रामा पहिलोपटक उनी कुनै गम्भीर आर्थिक अपराधसम्बन्धी अनुसन्धानका कारण पक्राउ परेका हुन् । त्यसैले यो घटनालाई उनको राजनीतिक जीवनकै सबैभन्दा ठूलो संकटका रूपमा हेरिएको छ ।

■■■

## ओलीको...

ओलीले वर्तमान सत्तापक्षले विपक्षी दलहरूप्रति अख्तियार गरिरहेको अराजनीतिक, अलोकतान्त्रिक र नांगो प्रतिशोधको यो अर्को पराकाष्ठा भएकोसमेत दाबी गरेका छन् । 'यो दमनकारी कदम म र हाम्रो पार्टी नेकपा एमालेमाथि लगातार भइरहेका शृंखलाबद्ध प्रहार र राजनीतिक षड्यन्त्रको निरन्तरता हो भन्ने कुरा स्पष्ट छ,' विज्ञप्तिमा भनिएको छ, 'विधिको शासन र सामान्य कानुनी प्रक्रियाकोसमेत धज्जी उडाउँदै, जुनसुकै बेला सोधपुछ गर्न सकिने वा उहाँकै उपस्थितिमा प्रक्रिया अगाडि बढाउन सकिने विकल्पलाई नियतवश लत्याइएको छ ।'

■■■

## रास्वपा महाधिवेशनमा...

यता विवेकशील साझाबाट रास्वपा प्रवेश गरेकी बास्कोटाले पनि उपसभापतिमा दाबी गरेकी छन् । एक महिला उपसभापतिमा उनलाई अटाउने प्रयास भए पनि उक्त पदमा लिमा अधिकारी, प्रतिभा रावल, सोविता गौतमकोसमेत दाबी रहेको छ । रास्वपाले नेता व्यवस्थापनका लागि महामन्त्री तीन जना बनाउने गरी विधान संशोधन गरेको छ ।

सहमहामन्त्री विपिन आचार्यले तयार पारेको विधान संशोधनमा सचिवालयले थप संशोधन गरेर तीन महामन्त्री हुने व्यवस्था गरेको हो । लामिछाने समूहबाट कविन्द्र बुर्लाकोटी र वालेन्द्र समूहबाट भूपदेव शाह अहिले पनि महामन्त्री छन् । यो पदमा प्रवक्ता मनिष झाले पनि दाबी पेस गरेका छन् । 'परिणाम जे सुकै होस्, मेरो उम्मेदवारी महामन्त्रीमा रहन्छ,' सोमबार प्रवक्ता झाले भने ।

महामन्त्रीमा विपिन आचार्य र गणेश पराजुलीले पनि दाबी गरेका छन् । स्वर्णिम गुटबाट महामन्त्रीमा शिशिर खनालले पनि दाबी पेस गरेका छन् । पदाधिकारीमा आकांक्षीको लर्को लागेपछि सभापति लामिछाने र वरिष्ठ नेता शाहले टुंग्याउन सकेका छैनन् । भागबण्डा मिलाउन लामिछाने र शाह सोमबार लटौली सेञ्चुरी रिसोर्टमा जुटे पनि सहमति नजुटेपछि वरिष्ठ नेता शाह सौराह घुम्न निस्केका थिए ।

### लामिछानेको पक्षमा माहोल बनाउँदै सभामुख अर्याल

सभामुख बन्नुअघि रास्वपा उपसभापति रहेका डोलप्रसाद अर्याल यतिबेला गोप्यरूपमा महाधिवेशनस्थलमा खटिएका छन् । धेरैले महाधिवेशन उद्घाटनस्थलमा 'मिस' गरेका भनिएका अर्याल लामिछानेलाई थप बलियो बनाउन लागिपरेका छन् । अर्यालले आफूनिकट नेताहरू, कुलमान घिसिङको उज्यालो नेपालबाट पार्टी प्रवेश गरेकाहरूलाई लामिछानेको पक्षमा उभिन आग्रह गरिरहेका छन् । सभामुख बनेपछि सार्वजनिकरूपमा देखिँदा आलोचना हुने देखिएकाले अर्याल गोप्यरूपमा महाधिवेशनस्थलमा खटिएका हुन् ।

### वालेन्द्रलाई चार पदाधिकारी दिने तयारी

प्रधानमन्त्री शाह समूहलाई वरिष्ठ नेतासहित चार पदाधिकारी दिने तयारी रास्वपाले गरेको छ । त्यसमा एक उपसभापति, एक महामन्त्री र दुई महामन्त्री रहेको बताइएको छ । उपसभापतिमा सुनिल लम्सालदेखि सुधन गुरुङसम्मको नाम सूचीमा रहेको बताइएको छ ।

यता महामन्त्रीमा भूपदेव र सहमहामन्त्रीमा सुदिप ढकालसहित अरू नेताहरूको नाम चर्चामा छ । जिल्ला-जिल्लाबाट लामिछाने समूह बलियो भएर आए पनि केन्द्रीय समितिमा वालेन्द्रले आफ्नो समूहको बाक्लो उपस्थिति चाहेका छन् । जसकारण अहिले सबै मन्त्रीहरूसमेत महाधिवेशनस्थलमा खटिएका छन् ।

### पदाधिकारीको निर्वाचनबारे अलमल

रास्वपाले यसपटक १९ पदाधिकारीसहित १५१ सदस्यीय कार्यसमिति चयन गर्दै छ । सहमहामन्त्री आचार्यले तयार गरेको संशोधित पदाधिकारी संख्याबारे यकीन विषय बाहिरिएको छैन । यद्यपि, सभापति एक, वरिष्ठ नेता एक, उपसभापति तीन, महामन्त्री तीन जना, सहमहामन्त्री पाँच जना, कोषाध्यक्ष एक, सहकोषाध्यक्ष दुई, प्रवक्ता एक र सहप्रवक्ता तीन जना निर्वाचित हुने व्यवस्था गरिएको बताइएको छ ।

पदाधिकारीमा निर्वाचित हुन सुरूमा केन्द्रीय सदस्यमा निर्वाचित हुनुपर्ने व्यवस्था गरिएको छ । सुरूमा १०० जना केन्द्रीय सदस्य निर्वाचित हुने र त्यही केन्द्रीय सदस्यमध्येबाट पदाधिकारीमा निर्वाचन लड्नुपर्ने व्यवस्था विधानमा गरिएको छ । ५१ जना भने सभापतिले मनोनीत गर्ने बताइएको छ ।

सभापतिले एक उपसभापति, एक महामन्त्री, दुई सहमहामन्त्री, एक प्रवक्ता, तीन सहप्रवक्ता, एक कोषाध्यक्ष र दुई सहकोषाध्यक्ष गरी ११ पदाधिकारी सभापतिले मनोनीत गर्ने बताइएको छ ।

### बन्दसत्र आज, निर्वाचन भए महाधिवेशन लम्बिने

रास्वपाको बन्दसत्र आज बिहान ७ बजेपछि सुरु हुने महामन्त्री कविन्द्र बुर्लाकोटीले बताए । प्रतिनिधिहरूविरुद्ध परेको उजुरीमाथिको छानबिनका लागि समय आवश्यक भएकाले बन्दसत्र सारिएको बुर्लाकोटीले दाबी गरे । चितवन उद्योग वाणिज्य संघको प्रदर्शनी केन्द्रमा तय गरिएको बन्दसत्रमा अनुशासन आयोगबाट रमाकान्त रिमालले अनुशासन आयोगको प्रतिवेदन प्रस्तुत गर्ने छन् ।

त्यसपछि कोषाध्यक्ष लिमा अधिकारीको आर्थिक प्रतिवेदन प्रस्तुति र छलफल हुने छ । कोषाध्यक्षको प्रतिवेदनपछि महामन्त्री कविन्द्र बुर्लाकोटीले संगठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने छन् । लगत्तै सहमहामन्त्रीले विधानमाथिको छलफल र त्यसलाई अनुमोदन गराइने छ । विधान अनुमोदनपछि पार्टी सभापति लामिछानेले राजनीतिक प्रतिवेदन पेस गर्ने कार्यतालिका रहेको छ । पदाधिकारी सर्वसम्मत नछानिए महाधिवेशन १० गतेसम्म लम्बिने प्रवक्ता झाले बताए ।

■■■

## महानिर्देशक...

राहदानीको ठेक्का लिएको जर्मन कम्पनी भेरिडास जिएमबिएचका नेपाल प्रतिनिधि सिद्धार्थ थापाविरुद्ध आठ अर्ब २२ करोड ३५ लाख चार हजार रूपैयाँबराबरको विगो मागदाबी गरिएको छ । सिद्धार्थ पूर्वप्रधानमन्त्री सूर्यबहादुर थापाका नाति हुन् । उनका पिता सुनिल थापा नेपाली कांग्रेसका तर्फबाट राष्ट्रिय सभा सदस्य छन् । सिद्धार्थ हाल सम्पर्कविहीन छन् भने मल्ललाई अख्तियारले केही दिनअघि पक्राउ गरिसकेको छ ।

म्युलबैरका नेपाल प्रतिनिधि मणिन्द्रराज मल्लविरुद्ध एक अर्ब ९० करोड ६९ लाख ५७ हजार रूपैयाँबराबरको विगो दाबी गरिएको छ । बोलपत्रको सुरुवाती चरणबाटै गम्भीर अनियमितात र भ्रष्टाचार गरेको पाइएको भन्ने सूचनाका आधारमा आयोगले छानबिन गरेको थियो ।

राष्ट्रसेवक कर्मचारी र आपूर्तिकर्ता कम्पनीबीच आपसी मिलेमतो, योजना र संलग्नतामा गैरकानुनी लाभ प्राप्त गर्ने उद्देश्य राखिएको आयोगले उल्लेख गरेको छ । प्रचलित कानुनको प्रतिकूल हुनेगरी बदनियमतपूर्वक बोलपत्र मूल्यांकन गरे गराएको, साथै प्रचलित कानुनविपरीत बोलपत्रहरूको प्राविधिक र आर्थिक मूल्यांकन गरी गराएको आयोगको ठहर छ ।

बायोमेट्रिक डेटा र सिस्टम व्यवस्थापनको प्याकेज-१ को ठेक्का एक अर्ब ५५ करोड रूपैयाँमा म्युहलबौयर आइडी सर्भिस र पासपोर्ट बुकलेट आपूर्ति तथा पर्सनलाइजेसनको प्याकेज-२ को ठेक्का छ अर्ब ११ करोड रूपैयाँमा भेरिडोसले पाएका थिए । त्यतिखेर परराष्ट्रमन्त्री डा. आरजु राणा थिइन् । स्रोतका अनुसार आरजुलाई प्रतिवादी बनाइएको छैन ।

अख्तियारले आरजुलाई पनि बयानका लागि पत्र काटेको थियो । गत फागुनदेखि विदेशमा रहेकी आरजुले अनुसन्धानमा सहयोग गर्ने पत्र पठाएकी थिइन् । अख्तियारले अनुसन्धानका क्रममा पूर्वपरराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ, परराष्ट्रसचिव अमृत राई, पूर्वपरराष्ट्रसचिव सेवा लम्सालगायतको बयान लिएको थियो । लम्साल हाल बेल्जियमकी राजदूत छिन् ।

अख्तियारले ठेक्का प्रकरणमा जोडिएका र हाल विभिन्न देशस्थित नेपाली नियोगका कार्यरत कर्मचारी र ठेकेदार कम्पनीका प्रतिनिधिको पनि 'भर्चुअल'रूपमा बयान लिएको थियो ।

प्रधानमन्त्री वालेन्द्र शाहको सचिवालयका सदस्यले असार १ गते अख्तियारका प्रमुख आयुक्त प्रेमकुमार राई र अन्य आयुक्तलाई बोलाएर पासपोर्ट छपाइको ठेक्कामा भ्रष्टाचार भएको भन्दै अनुसन्धानलाई तीव्रता दिन दबाब दिएका थिए । सोही दिन साँझ राहदानी विभागका अर्याललाई पक्राउ गरिएको थियो ।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७५/०६/०९ मा दर्ता भएको **प्रा. लि. नं. १९९४५४** को **तिनजुरे नेपाल एग्रो फार्म प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०३/०४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मोटरसाइकल हरायो**

मिति २०८३/०३/०५ गते अन्दाजी २३:०० बजेको समयमा का.म.न.पा.-१५ स्थित मनमोहन अस्पतालको अगाडि पार्किङ गरी राखेको अवस्थामा बा.प्र.०२-०५९प ७०२१ नम्बरको कालो निलो रङ्गको निम्न व्यहोरा भएको २२०सि.सि. को पल्सर मोटरसाइकल हराएको हुँदा पाउनु हुने महानुभावले निम्न ठेगाना वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**सवारी धनी: हुलास फिनसर्भ हायर पर्चेज लिमिटेड/जोग बहादुर गुरुङ्ग**
**ठेगाना: धादिङ्ग त्रि.सु.गा.पा.-२**
**च्यासिस नं.: DKXCSB22278**
**इन्जिन नं.: MD2A13EX55CB83208**
**सम्पर्क नं.: ९८१०२६९३४०**

**मोटरसाइकल हराएको सूचना**

मिति २०८३।०३।०२ गते ललितपुर जिल्ला, गोदावरी न.पा. मेडिसिटी हस्पिटल स्थित कोठा बाहिर साँझको अन्दाजी ५ बजेको समयमा कालो, रातो रङ्गको पल्सर १५० सि.सि. मोटरसाइकल पार्किङ गरी राखिएको र भोलिपल्ट बिहान अन्दाजी ७ बजेको समयमा सो मोटरसाइकल फेला नपरेको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : हिमाशु कुमार चौधरी**
**बाइक नं.: लु.प्र.-०१-०११ प ४३१३**
**च्यासिस नं.: MD2A11CX7SPG-80972**
**इन्जिन नं. : DHXPSG-03743**
**ठेगाना : महोत्तरी, मठयानि न.पा-९**
**सम्पर्क नं. ९७४६५६६२१२, ९८२६८७९६४१**

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३/०३/०९ गते**

यस कम्पनीको मिति २०८३/०२/०१ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **कृषि जडिबुटी उत्पादन तथा अनुसन्धान कम्पनी प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०२/०७ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **सन्चार कम्पनी प्रा.लि. (प्रा.लि.नं. २६९९७४/७८/७९)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**दफा १२६ स्वेच्छिक खारेजी-१ सम्बन्धमा**

यस कार्यालयमा मिति २०७७/०८/१५ मा दर्ता भएको प्रा.लि.नं. २४८५८७ को **मेघा नेपाल कन्सल्टेन्सी प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०१/२९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम **दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**दफा १२६ स्वेच्छिक खारेजी-१ सम्बन्धमा**

यस कार्यालयमा मिति २०७२/०६/२४ मा दर्ता भएको प्रा.लि.नं. १४१०६६ को **सेन्टर फर एजुकेशनल रिर्सच एण्ड प्रोफेसनल डेभलपमेन्ट प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०३/०८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम **दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**दफा १५८: विदेशी शाखा/सम्पर्क कार्यालय खारेजी-२ सम्बन्धमा (२१ दिने हक दावी सूचना)**

यस कार्यालयमा मिति २०६७/०४/१८ मा दर्ता भएको प्रा.लि.नं. १२४६ को **फिडब्याग इन्फाष्ट्रक्चर सर्भिसेज नेपाल प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०२/१९ को निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवम् कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित **हक दाबी** गर्न यो सूचना प्रकाशित भएको मितिले **२१ (एकाइस) दिन** भित्र यिस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि प्रथम पटक सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**परिवर्तन सम्बन्धि सूचना**
**(प्रथम पटक प्रकाशित मिति: २०८३।०३।०९)**

साविकको *Teach Me AI Pvt.ltd.* को मिति २०८३।०२।०८ मा सम्पन्न साधारण सभाको निर्णयानुसार कम्पनि रजिष्ट्रारको कार्यालयबाट कम्पनीको नाम परिवर्तन भई *Hello Nepal Ride Mobility Pvt. Ltd.* कायम गरिएको र साविक कम्पनीको नाममा रहेको सम्पूर्ण सम्पति तथा दायित्व यसै कम्पनीले सकार गर्ने व्यहोरा यसै सूचना मार्फत सम्पूर्ण सरोकारवाला तथा सर्वसाधारणका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**Hello Nepal Ride Mobility Pvt. Ltd.**
हेलो नेपाल राइड मोबिलिटी प्रा. लि.

**दिक्तेल कालिका कृषि तथा पशुपालन प्रा.लि (लिक्विडेसन) सम्बन्धमा हकदावी गर्न आउने बारे सूचना**

कम्पनी ऐन २०६३ बमोजिमको मिति २०८०/०९/२५ मा दर्ता भएको प्रा.लि. नं. ३२७११७/०८०/०८१ को **दिक्तेल कालिका कृषि तथा पशुपालन प्रा.लि.** लाई खारेजी (लिक्वीडेसन) मा लैजाने कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०२/०१ गतेको विशेष साधारण सभाले निर्णय गरेकोले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोहि कसैको कुनै किसिमको लेनदेन, बांकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुद प्रमाण सहित सूचना प्रकाशित गरिएको मितिले १ दिनभित्र निम्न लिखित लिक्वीडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**रमेश हरि अधिकारी, लिक्विडेटर दामासाही प्र.प.नं.९५४७**
**मोबाइल नं. ९८४२६३८३६७**


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

मंगलबार, ९ असार, २०८३

| | |
|---|---|
| **मेष** | नयाँ सम्पर्कबाट लाभ मिल्न सक्छ । आर्थिक निर्णय सोचेर लिनु राम्रो । |
| **वृष** | मेहनतले सफलता दिलाउन सक्छ । गोप्य कुरा धेरैसँग साझा नगर्नुहोस् । |
| **मिथुन** | यात्रा वा नयाँ कामको अवसर आउन सक्छ । सकारात्मक सोचले फाइदा हुनेछ । |
| **कर्कट** | जिम्मेवारी बढ्ने दिन । योजनाबद्ध काम गर्दा राम्रो परिणाम आउन सक्छ । |
| **सिंह** | सिर्जनात्मक काममा सफलता मिल्न सक्छ । सम्बन्धमा समझदारी आवश्यक छ । |
| **कन्या** | नयाँ अवसर र सहयोग प्राप्त हुन सक्छ । भावनामा भन्दा व्यवहारिक निर्णय राम्रो । |
| **तुला** | काममा नयाँ अवसर आउन सक्छ । आर्थिक पक्ष सामान्य रहनेछ । |
| **वृश्चिक** | मेहनतको फल मिल्ने समय । व्यापाररकाममा प्रगति सम्भव छ । |
| **धनु** | नयाँ योजना बनाउन अनुकूल समय । बोली र व्यवहारमा संयम राख्दा फाइदा हुनेछ । |
| **मकर** | परिवार र कामको जिम्मेवारी बढ्न सक्छ । धैर्य राखेर अघि बढ्दा सफलता मिल्नेछ । |
| **कुम्भ** | आत्मविश्वास बढ्नेछ । रोकिएका काम अघि बढ्ने सम्भावना छ । |
| **मीन** | अध्ययन, सीप र काममा सुधारको अवसर । स्वास्थ्यमा ध्यान दिनुहोस् । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

९ असार, २०८३ (२३ जुन २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५०.६२ | १५१.२२ |
| युरो | १ को | १७२.७५ | १७३.४३ |
| पाउन्ड स्टिर्लङ | १ को | १९९.३३ | २००.१२ |
| स्विस फ्रेन्क | १ को | १८६.६३ | १८७.३७ |
| अस्ट्रेलियन डलर | १ को | १०५.६३ | १०६.०५ |
| क्यानाडियन डलर | १ को | १०६.४१ | १०६.८४ |
| सिङगापुर डलर | १ को | ११६.६२ | ११७.०९ |
| जापानी येन | १० को | ९.३४ | ९.३७ |
| चिनियाँ युआन | १ को | २२.२५ | २२.३४ |
| साउदी अरब रियाल | १ को | ४०.१३ | ४०.२९ |
| कतारी रियाल | १ को | ४१.३५ | ४१.५२ |
| थाई भाट | ख १ को | ४.५८ | ४.६० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.०१ | ४१.१७ |
| मलेसियन रिङेट | १ को | ३६.४१ | ३६.५५ |
| दक्षिण कोरियन वन | १०० को | ९.८४ | ९.८८ |
| स्विडिस क्रोनर | १ को | १५.७२ | १५.७८ |
| डेनिस क्रोनर | १ को | २३.१२ | २३.२१ |
| हङकङ डलर | १ को | १९.२२ | १९.३० |
| कुवेती दिनार | १ को | ४९०.१४ | ४९२.०९ |
| बहराइन दिनार | १ को | ३९९.५२ | ४०१.११ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावीधक विनिमय दर बैंकको वेबसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

# बाल आँखा स्वास्थ्य प्रणाली सुदृढीकरणका लागि एकीकृत परियोजना कार्यान्वयनमा

**काठमाडौं–** बाल स्वास्थ्य, आँखा अनुसन्धान तथा स्वास्थ्य प्रणाली सुदृढीकरणका लागि एकीकृत परियोजना सञ्चालनमा ल्याइएको छ ।

नेपालमा पहिलोपटक सो परियोजनालाई स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयसहित विश्व स्वास्थ्य संगठन, संयुक्त राष्ट्रसंघीय बालकोष (युनिसेफ), धुलिखेल अस्पताल, इन्टरनेसनल सेन्टर फर आइ हेल्थ, लण्डन स्कुल अफ हाइजिन एण्ड ट्रपिकल मेडिसिनसँगको सहकार्य नेपाल नेत्रज्योति संघले कार्यान्वयनमा ल्याएको हो ।

स्वास्थ्य सेवा विभागका महानिर्देशक डा. अनुज भट्टचन, नेपाल नेत्रज्योति संघका अध्यक्ष प्रा.डा. चेतराज पन्त, लण्डन स्कुल अफ हाइजिन एण्ड ट्रपिकल मेडिसिनकी प्रतिनिधि डा. आयशा मल्लिकले हालै आयोजित कार्यक्रममा सो परियोजनाको संयुक्तरूपमा शुभारम्भ गरेका थिए ।

नेपाल नेत्रज्योति संघका कार्यकारी निर्देशक डा. शैलेशकुमार मिश्रका अनुसार सो परियोजनाको मुख्य ध्येय पाँच वर्षमुनिका बालबालिकाको आँखा स्वास्थ्य सुधार, प्राथमिक स्वास्थ्य सेवा प्रणालीमार्फत आँखासम्बन्धी समस्या समयमै पहिचान, उपचार तथा आवश्यक 'रिफरल' सेवामा पहुँच सुनिश्चित गर्नु रहेको छ ।

परियोजनाले हाल सञ्चालनमा रहेको एकीकृत नवजात तथा बालरोग व्यवस्थापन (आइएमएनसिआई) कार्यक्रममा आँखा स्वास्थ्यलाई समावेश गर्ने सम्भावना र आवश्यकता तथा प्रभावकारिताबारे अनुसन्धान तथा परीक्षण कार्य सञ्चालन गर्ने जनाइएको छ ।

सो अवसरमा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय नीति, योजना तथा अनुगमन महाशाखाका प्रमुख डा. गुणनिधि शर्माले बाल स्वास्थ्य सेवासँग आँखा स्वास्थ्यको एकीकरणले बालबालिकामा दृष्टिसम्बन्धी समस्या समयमै पहिचान गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

परिवार कल्याण महाशाखाका निर्देशक डा. मदन उपाध्यायले विद्यमान मातृ तथा बाल स्वास्थ्य सेवा प्रणालीमार्फत आँखा स्वास्थ्य सेवा विस्तार गर्न यस परियोजनाले महत्त्वपूर्ण आधार प्रदान गर्ने बताए । कार्यक्रममा स्वास्थ्य सेवा विभागका महानिर्देशक डा. भट्टचनले नेपालले सफलतापूर्वक कार्यान्वयन गरेको 'आइएमएनसिआई कार्यक्रम'ले बाल मृत्युदर न्यूनीकरणमा महत्त्वपूर्ण योगदान पुऱ्याएको उल्लेख गर्दै उक्त प्रणालीभित्र आँखा स्वास्थ्यलाई समावेश गर्नु समयानुकूल र आवश्यक कदम भएको बताए ।

उनले भने, 'प्रारम्भिक अवस्थामै आँखासम्बन्धी समस्या पहिचान, उपचार तथा रिफरल सेवाको व्यवस्था गर्न सके बालबालिकामा हुन सक्ने दृष्टिसम्बन्धी समस्या तथा अन्धोपन रोकथाममा महत्त्वपूर्ण योगदान पुग्ने छ । अनुसन्धानबाट प्राप्त प्रमाण र निष्कर्षका आधारमा परियोजनालाई भविष्यमा थप विस्तार गर्ने विषयमा मन्त्रालय सकारात्मक रहेको छ ।'

संघका महासचिव भरतबहादुर चन्दले बालबालिकाको आँखा स्वास्थ्यलाई आधारभुत स्वास्थ्य सेवासँग जोडेर दिगो र प्रभावकारी सेवा प्रणाली विकास गर्नु परियोजनाको मुख्य उद्देश्य रहेको जानकारी दिए । उनले भने, 'अनुसन्धानमा आधारित 'इन्टरभेन्सन' तथा साझेदारीमार्फत बालबालिकाको आँखा स्वास्थ्यमा सकारात्मक परिवर्तन ल्याउन सकिन्छ ।'

नेपाल नेत्रज्योति संघका अध्यक्ष प्रा.डा. पन्तले नेपालमा आँखाको स्वास्थ्य सेवाको पहुँच विस्तार तथा गुणस्तरीय सेवा प्रवाहमा संघले लामो समयदेखि महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको उल्लेख गरे । उनले बाल स्वास्थ्य सेवासँग आँखा स्वास्थ्यलाई एकीकृत गर्ने यस परियोजनाले बालबालिकाको दृष्टि संरक्षण, समयमै समस्या पहिचान तथा उपचार सुनिश्चित गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरे ।

संघ देशको अग्रणी आँखा स्वास्थ्य सेवा प्रदायक संस्था हो । संघले देशभर फैलिएको २८ आँखा अस्पताल तथा २२६ आँखा उपचार केन्द्रको सञ्जालमार्फत लाखौं नागरिकलाई आँखा स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ । परियोजनाका वरिष्ठ अनुसन्धानकर्ता डा. खेम पोखरेलका अनुसार यस परियोजनामार्फत बाल स्वास्थ्य सेवासँग आँखा स्वास्थ्यलाई थप प्रभावकारीरूपमा एकीकृत गर्दै नीतिगत तथा कार्यक्रमगत सुधारका लागि आवश्यक प्रमाण र अनुभव विकास गर्ने अपेक्षा गरिएको जानकारी दिए ।

कार्यक्रममा परियोजनासम्बन्धी अनुसन्धानका प्रारम्भिक निष्कर्षहरू प्रस्तुत गरिनुका साथै कार्यान्वयन रणनीति, स्वास्थ्य प्रणाली सुदृढीकरण तथा कार्यक्रम विस्तारका विषयमा विस्तृत छलफल गरिएका थिए । परियोजनले नेपालमा बाल आँखा स्वास्थ्य सेवाको पहुँच र गुणस्तर अभिवृद्धि गर्न महत्त्वपूर्ण आधार प्रदान गर्ने विश्वास गरिएको छ । *रासस*

# ठूला अस्पतालमा बर्न युनिट

**काठमाडौं (प्रस)–** मुख्य स्वास्थ्य समस्या बन्दै गएको जलनको उपचारलाई सहज र सर्वसुलभ बनाउने सरकारी प्रतिबद्धता कार्यान्वयनमा जान थालेको छ ।

सरकारको १०० दिनभित्र गरिसक्ने १०० बुँदे प्रतिबद्धताअन्तर्गत अधिकांश अस्पतालमा जलन उपचारलाई सहज बनाउन थालिएको हो । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका प्रवक्ता डा. समीरकुमार अधिकारीले मन्त्रालयको पहल र निर्देशनअनुरूप १४ वटा संघीय अस्पतालमा जलन उपचार युनिट स्थापना भएका छन् ।

अहिलेसम्म चारवटा प्रादेशिक अस्पतालमा शयचा संख्यासमेत छुट्याएर सेवा प्रवाह हुन थालेको छ । हालसम्म १०९ स्वास्थ्यकर्मीलाई एकदिने र २१७ जनालाई छ दिन जलन उपचारको विशेष तालिम प्रदान गरिएको छ । हालसम्म कान्तिबाल अस्पताल, त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, कोशी अस्पताल, नारायणी अस्पताल, भरतपुर अस्पताल, डडेलधुरा अस्पताल, भेरी अस्पताल, चिकित्सा विज्ञान राष्टिय प्रतिष्ठान-वीर अस्पताल, बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, पाटन स्वास्थ्य प्रतिष्ठान, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान र राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा जलन उपचारका लागि छुट्टै वार्ड स्थापना गरिएका छन् ।

गैरसरकारीस्तरबाट कीर्तिपुर अस्पतालमा जलन उपचारको विशेष युनिट छ । यसका साथै धौलागिरि प्रादेशिक अस्पताल, संखुवासभा जिल्ला अस्पताल, सुर्खेतस्थित प्रादेशिक अस्पताल र हेटौंडास्थित मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गरी १८ वटा अस्पतालमा जलन उपचार वार्डको व्यवस्था गरिएको छ । जलनको उपचार सामान्यदेखि अत्यन्त जटिलसम्मको हुनसक्ने हुँदा जलनकोमात्र छुट्टै अस्पताल स्थापना गर्नुभन्दा सुविधा सम्पन्न अस्पतालमा जलन उपचार युनिट राख्नु बढी प्रभावकारी देखिएको प्रवक्ता अधिकारीले बताए ।

'जलनसँगै प्लास्टिक सर्जरीदेखि संवेदनशील अंगको उपचारसमेत सँगै गर्नुपर्ने अवस्था आउने भएकोले त्यसो गर्न खोजेका हौं,' प्रवक्ताले थपे । अहिले गरिएको व्यवस्थाबाट आमजनताले जलन प्रारम्भिक उपचार नजिकैको अस्पतालमै भेटाउन सक्ने अवस्था तयार भएको छ । सरकार गठनपछि घोषणा भएको १०० दिने प्रतिबद्धतामा 'जलन उपचारका लागि प्रदेशस्तरमा सुविधा सम्पन्न अस्पतालको अभाव हुँदा मृत्युदर, अपांगता र दीर्घकालीन पुनःस्थापनाको समस्या बढ्ने अवस्थाको समाधान गर्न' जलनसम्बन्धी उपचारलाई १०० बुँदेभित्र समेटेको थियो ।

# नेपाल एफएटिएफको खैरो सूचीमा कायमै

**काठमाडौं–** सम्पत्ति शुद्धीकरण मामिलाको निगरानी गर्ने अन्तर ा्ष्ट्रिय निकाय 'वित्तीय कारबाही कार्यदल' (फाइनान्सियल एक्सन टास्कफोर्स (एफएटिएफ)ले नेपाललाई अझै निगरानी सूची अर्थात् 'ग्रे लिस्ट' मा नै रहेको जनाएको छ ।

नेपालले सुधारका प्रयास जारी राखे पनि अझै अपर्याप्त रहेको र थप सुधार आवश्यक रहेको एफएटिएफले जनाएको छ । एफएटिएफले यही असार ५ गते अर्थात् (१९ जुन) मा सोसम्बन्धी निर्णय भएको उल्लेख गरेको छ ।

एफएटिएफले आफ्ना कमजोरी सम्बोधन गर्ने गरी कार्ययोजना तयार पारी गर्नुपर्ने कार्यान्वयनलाई निरन्तरता दिन नेपाललाई आवश्यक सुझावसमेत दिएको छ । उसले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी वित्त पोषणसम्बन्धी प्रमुख जोखिमको बुझाइलाई अझ सुदृढ बनाउन सुझाव दिएको छ ।

सुधारका लागि केही कदम चालेको भए पनि नेपालले रणनीतिक सुधारका प्रयास थाल्नुपर्ने तथा स्पष्ट कार्ययोजना बनाएर कार्यान्वयनमा लैजानुपर्ने आवश्यकतामा जोड दिँदै एफटिएफले सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा हुने लगानीको जोखिमबारे स्पष्ट बुझाइ आवश्यक रहेको उल्लेख गरेको छ ।

वाणिज्य बैंक, उच्च जोखिम भएका सहकारी संस्था, क्यासिनो, बहुमूल्य धातु तथा पत्थर व्यवसायी, घरजग्गा कारोबारलगायतका क्षेत्रको जोखिममा आधारित निरीक्षण गरी सुधारका उपाय अवलम्बन गर्नसमेत सुझाव दिइएको छ । हुण्डीलगायत गैरकानुनी कारोबारको पहिचान र रोकथाम गर्न, सम्पत्ति शुद्धीकरण मामिला हेर्ने निकायको क्षमता अभिवृद्धि गर्न तथा यसको अनुसन्धान र अभियोजन प्रक्रियालाई थप चुस्त बनाउन सुझाव दिएको छ ।

वित्तीय समावेशीकरणमा बाधा नपुऱ्याइ, अवैध मुद्रा तथा मूल्य हस्तान्तरण सेवा तथा हुण्डी कारोबार सञ्चालन गर्ने महत्त्वपूर्ण सेवा प्रदायकको पहिचान गरी उनीहरूलाई कानुनी कारबाही तथा सजाय गर्नुपर्नेमा जोड दिइएको छ ।

सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धान गर्ने निकायको क्षमता र आपसी समन्वय अभिवृद्धि गर्ने, सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धान तथा अभियोजनको संख्या र प्रभावकारिता बढेको प्रमाणित गर्नुपर्ने छ । जोखिमको प्रकृतिअनुसार अपराधबाट प्राप्त आय तथा अपराधमा प्रयोग भएका साधनको पहिचान, खोजी, रोक्का, जफत तथा आवश्यकताअनुसार राज्यको स्वामित्वमा ल्याउने कार्य प्रभावकारी रूपमा गर्नुपर्ने र कार्ययोजनाअन्तर्गत रहेका रणनीतिक कमजोरी हटाइ आफ्नो प्रणालीलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप थप प्रभावकारी बनाउनुपर्ने छ ।

यसअघि सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कानुनको परिपालनामा चुक्दा नेपाल २०८१ फागुनमा खैरौ सूचीमा राखेको थियो । त्यसलगत्तै नेपालले एफएटिएफ र एसिया प्यासिफिक ग्रुप (एपिजी) सँग आफ्नो सम्पत्ति शुद्धीकरण निवारण प्रणालीको प्रभावकारिता बलियो बनाउन उच्चस्तरीय राजनीतिक प्रतिबद्धता जनाएको थियो ।

यसअघि नेपाल सन् २०१४ मा खैरो सूचीबाट बाहिर निस्किएको थियो । त्यसबेला नियामकीय सुधार गर्ने स्पष्ट मार्गचित्र तयार पारी कार्यान्वयनमा ल्याएपछि एफटिएफको प्रत्यक्ष निगरानी हटाइएको थियो । *रासस*

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८३/०३/०९**

**होटल एभरेष्ट नेपाल प्रा. लि.** को मिति २०८३/०२/२५ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **माला स्विट्स ठमेल प्रा. लि. (दर्ता नं. १२५७४६)** कायम गर्ने गरी मिति २०८३/०३/०१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७४/०५/०२ मा दर्ता भएको **प्रा. लि. नं. १७३४०२** को **सुप्रिया एग्रो फार्म प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०३/०५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (क) बमोजिम विशेष दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## साउदीमा रोजगार
कम्पनी : AL QARYAN GROUP

पूर्व स्वीकृति मिति : २०८३/03/0८ | LT. No. 343808 | चलानी नं. ६०२५७१२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | EXCAVATOR OPERATOR | 2 | 0 | 2500 | १००,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय ललितपुरमा मितिः २०८३ असार १६ गते (30th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1082/073/74
NEPAL HR SOLUTION PVT. LTD.
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Tel: 01-01-4593555/4593554, 9852651444
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com



## युएइमा रोजगार
कम्पनी : ICON INFRATECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८३/03/0८ | LT. No. 343850 | चलानी नं. ६०२५७१००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scafolder | 6 | 0 | 1500 | ६१,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Masons (Block & Tiles) | 3 | 0 | 1500 | ६१,६०५ | | | | | | | |
| 3 | Electricians (Bldg/Indust.) | 2 | 0 | 1500 | ६१,६०५ | | | | | | | |
| 4 | Steel Fixer (Helper) | 3 | 0 | 1500 | ६१,६०५ | | | | | | | |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असार १६ गते (30th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SHAN A.B. INTERNATIONAL PVT. LTD.
Maharajgunj (Near Bhatbhateni), Kathmandu, Nepal
Tel- +977 1 4378054/ +977 1 4378890, Contact Person : 9706659209 (Narayan Bhattarai)
श्रम इजाजत नं. ९१५/०६७/६८



## कतारमा रोजगार
कम्पनी : MANOLYS RESTAURANT

पूर्व स्वीकृति मिति : २०८३/03/0८ | LT. 343756 | चलानी नं. ६०२५७०७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 0 | 3 | 1400 | ५८,०५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Sales Person, General | 0 | 3 | 1400 | ५८,०५१ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असार १६ गते (30th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GREATER VISION OVERSEAS PVT. LTD.
श्रम इजाजत नं. २८२/०५८/०५९
Gaushala KTM, Nepal, Tel: 01 4575285, 01 4576016, 9804922520 Fax: +977-1-4469772



## साउदीमा रोजगार
कम्पनी : SAUD MUBARAK SAAD AL-HAJRI COMPANY

पूर्व स्वीकृति मिति : २०८३/03/0८ | LT. No. 343832 | चलानी नं. ६०२५७१०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 5 | 0 | 1000 | ४०,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असार १६ गते (30th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Emerald Isle Nepal Pvt. Ltd. (GULMI OVERSEAS PVT LTD)
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-014588542/4589323, Udip Bahadur Khadka: 9801248108
Navin Raghubanshi : 9801248107, Email:- emeraldislenepal@gmail.com, info@einepal.com
श्रम इजाजत नं. ११०८/०७३/०७४



## ओमनमा रोजगार
कम्पनी : BOLD POINT CONSTRUCTION

पूर्व स्वीकृति मिति : २०८३/03/0८ | LT. No. 343765 | चलानी नं. ६०२५७०७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CLEANER / PUBLIC BUILDING | 5 | 0 | 120 | ४७,०७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Insulation Labor | 5 | 0 | 120 | ४७,०७५ | | | | | | | |
| 3. | Public Area Attendants/Cleaners | 5 | 0 | 120 | ४७,०७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असार १६ गते (30th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १३७/०५५/०५६
Hit Overseas Employment Pvt.Ltd.
Basundhara, Kathmandu, Nepal, Tel: +977- 01-4359147, 4357454,
Bhuban Pun : 9851056401 E-mail : bhubanpun@gmail.com



## साउदीमा रोजगार
कम्पनी : AL RAMZ AL ASEEL REAL ESTATE EST

पूर्व स्वीकृति मिति : २०८३/०२/२६ | LT. No. 343160 | चलानी नं. ६०२५७११८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WORKER LOADING AND UNLOADING | 1 | 0 | 1200 | ४८,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय ललितपुरमा मितिः २०८३ असार १६ गते (30th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FAST EMPLOYMENT SERVICE (P) LTD
Kunpondole, In front of Hotel Himalaya, Lalitpur, Tel. No: +977-5180421/ 5180431, 9808155760 Sunita shrestha
9860868244 Madan Bhattarai, E-mail : fastemployment1399@gmail.com, Web: www.fastemployment.com.np
Govt. License 1399/074/75



## युएइमा रोजगार
कम्पनी : BAGU TOBACCO TECHNOLOGY FZ-LLC

पूर्व स्वीकृति मिति : २०८३/03/0८ | LT. No. 343794 | चलानी नं. ६०२५७१११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 30 | 0 | 1200 | ४९,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असार १६ गते (30th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

KALIKA HUMAN RESOURCE PVT LTD
Basundhara, Kathmandu, Nepal. Tel: +977-01-4987803, 4965281
Email: kalikahuman1331@gmail.com Web: www.kalikahuman.com.np
Govt. License 1331/074/75



## साइप्रसमा रोजगार
कम्पनी : P.KYRIACOU @ SONS LTD-LIC.23

पूर्व स्वीकृति मिति : २०८२/०३/३२ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०३/०८ | LT. No. 327069 | चलानी नं. ६०२४१०२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | 0 | 15 | 400 | ६९,१५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : A.T. Crystal Clean Solutions

पूर्व स्वीकृति मिति : २०८२/०३/३२ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०३/०८ | LT. No. 327068 | चलानी नं. ६०२४१०२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 12 | 400 | ६९,१५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Employee | 3 | 0 | 700 | १,२१,०२७ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असार १६ गते (30th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ९०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Kathmandu International Incorporate Pvt. Ltd.
Tokha Municipality-10, Samakhushi, Kathmandu, Phone No: 01-4960635, 4952265
4960635 Mobile No. : Raju Nepal 9851009805, Email : kiimanpowernepal@gmail.com
श्रम इजाजत नं. ४४१/०६०/६१



## साउदीमा रोजगार
कम्पनी : AL KHALIDI SUPPLIES COMPANY, A CLOSED JOINT STOCK COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०७/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/०८ | LT. No. 332786 | चलानी नं. ६०२४६५२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 20 | 0 | 1800 | ७२,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थानः इटहरी, मा मितिः २०८३ असार १२ गते (26th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Kapeel Manpower Pvt. Ltd.
श्रम इजाजत नं. १८५/०५७/०५८
Kupandole, Lalitpur, Nepal, Tel: 01-5451901, Sandip Kumar Tamang : 9824327595, Rabin Shrestha : 9820368134
E-mail: kapeelmanpowerpvtltd@gmail.com, Website: www.kapeelmanpower.com.np



## कतारमा रोजगार
कम्पनी : ELEGANCIA FACILITIES MANAGEMENT

पूर्व स्वीकृति मिति : २०८३/03/0६ | LT. No. 342412 | चलानी नं. ६०२५७०९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 53 | 0 | 1000 | ४१,४१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : COMO FMS

पूर्व स्वीकृति मिति : २०८३/03/0१ | LT. No. 343485 | चलानी नं. ६०२५७०९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Garbage Man | 100 | 0 | 1000 | ४१,४१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Office Workers | 0 | 25 | 1200 | ४९,६९५ | | | | | | | |

कम्पनी : COMO FMS

पूर्व स्वीकृति मिति : २०८२/०२/११ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०३/०८ | LT. No. 324433 | चलानी नं. ६०२३८४९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Workers Female | 0 | 18 | 1000 | ४१,४१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Air Condition Tech | 15 | 0 | 1200 | ४९,६९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार १६ गते (30th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ११९४/०७३/०७४
POWER EMPLOYMENT PVT.LTD.
Gausala-9, Kathmandu, Nepal, Tel.: 01-4583830, 4588308,
Padam Prasad Bhetwal 984-3210286, E-mail: poweremployment.np@gmail.com


## मनमैजु समाज कल्याण बहुउद्देश्यीय सहकारी संस्था लि. को


**तारकेश्वर न.पा-१०, लोकतान्त्रिकचोक, मनमैजु काठमाडौं**

## कर्जा चुक्ता गर्न आउने अत्यन्त जरुरी १५ दिने सूचना

**प्रथम पटक प्रकाशित मिति २०८३/०१/२९ गते**
**दोस्रो पटक प्रकाशित मिति २०८३/०३/०९ गते**

यस सहकारी संस्थाको तपसिलमा उल्लेखित ऋणीले यस संस्थाबाट उपभोग गरेको कर्जाको साँवा र व्याजको भुक्तानी म्याद समाप्त भई लामो समयदेखि बक्यौता रहिरहेको हुनाले कर्जा भुक्तानी गर्न पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत हालसम्म कर्जा चुक्ता भुक्तानी नगरेकोले आफूले लिएको कर्जा र सोमा लागेको व्याज तथा हर्जनासमेत यस संस्थामा उपस्थित भई तुरुन्त चुक्ता भुक्तानी गर्नुहोला भनी १५ (पन्ध्र) दिन सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्रमा पनि कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जना समेत चुक्ता भुक्तानी नगरेमा यस वित्तीय संस्थालाई कर्जाको सुरक्षणवापत लेखी दिएको तपसिल बमोजिम चलअचल सम्पत्ति बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३ तथा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी लिलाम बिक्री तथा अन्य कुनै व्यवस्था गरी वित्तीय संस्थाले आफ्नो लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत सम्बन्धित ऋणी, धितो जमानीकर्ता, व्यक्तिगत जमानीकर्ता तथा सबैलाई जानकारी गराईन्छ ।

**तपसिल**

| सि.नं. | ऋणीको विवरण | धन जमानी दिनेको विवरण | धितो लेखिदिएको सम्पत्तिको विवरण |
|---|---|---|---|
| १. |  **नाम : रामचन्द्र अधिकारी**<br>**ना.प्र.नं.:** २५-०१-७६-०७२६९<br>**बाबुको नाम :** देवीप्रसाद अधिकारी<br>**बाजेको नाम :** धर्मदत्त अधिकारी<br>**ठेगाना :** नुवाकोट जिल्ला तारकेश्वर गा.पा.वडा नं.२<br>**हाल :** काठमाडौं जिल्ला तारकेश्वर न.पा.वडा नं.११ | **नाम : अम्बिका अधिकारी**<br>**ना.प्र.नं.:** ७२४६८<br>**ससुराको नाम :** देवीप्रसाद अधिकारी<br>**श्रीमानको नाम :** रामचन्द्र अधिकारी<br>**ठेगाना :** नुवाकोट जिल्ला तारुका गा.वि.स.वडा नं.२<br>**हाल :** काठमाडौं जिल्ला तारकेश्वर न.पा.वडा नं.११ | का.जि.काभ्रेस्थली गा.वि.स. वडा नं.२ / नक्सा सिट नं.२ 'ख' कित्ता नं.६७७ क्षेत्रफल (व.मि.) ०-५-१-२ (१७०.८८) का जग्गाहरू । |
| २. |  **नाम : अम्बिका अधिकारी**<br>**ना.प्र.नं.:** ७२४६८<br>**ससुराको नाम :** देवीप्रसाद अधिकारी<br>**श्रीमानको नाम :** रामचन्द्र अधिकारी<br>**ठेगाना :** नुवाकोट जिल्ला तारुका गा.वि.स.वडा नं.२<br>**हाल :** काठमाडौं जिल्ला तारकेश्वर न.पा.वडा नं.११ | **नाम : रामचन्द्र अधिकारी**<br>**ना.प्र.नं.:** २५-०१-७६-०७२६९<br>**बाबुको नाम :** देवीप्रसाद अधिकारी<br>**बाजेको नाम :** धर्मदत्त अधिकारी<br>**ठेगाना :** नुवाकोट जिल्ला तारकेश्वर गा.पा.वडा नं.२<br>**हाल :** काठमाडौं जिल्ला तारकेश्वर न.पा.वडा नं.११ | का.जि.काभ्रेस्थली गा.वि.स. वडा नं.२/ नक्सा सिट नं.२ 'ख' कित्ता नं.६२८, ६३०, ५५९ क्षेत्रफल (व.मि.) ०-२-१-१ (७३.५३), ०-१- २-३ (५३.६६), ०-०-२-२ (१९.८७) का जग्गाहरू । |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# भागबण्डाकै बाटोमा रास्वपा

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेपाली राजनीतिमा उदाउँदा उसको सबैभन्दा ठूलो राजनीतिक पुँजी थियो– पुराना दलप्रति जनताको वितृष्णा र आक्रोश। कांग्रेस, एमाले, नेकपाजस्ता स्थापित दलहरूमा देखिएको गुटबन्दी, भागबण्डा, व्यक्तिपूजा र सत्ताकेन्द्रित राजनीतिबाट आजित मतदाताले रास्वपामा फरक राजनीतिक संस्कृतिको सम्भावना देखेका थिए। तर, चितवनमा जारी प्रथम महाधिवेशनका क्रममा देखिएको घटनाक्रमले रास्वपा पनि विस्तारै पुरानै राजनीतिक रोगको सिकार बन्दै गएको देखिएको छ।

महाधिवेशनको उद्घाटनसत्रमा शीर्ष नेताहरूले गुटबन्दी नगर्न सार्वजनिक आग्रह गरे। तर, व्यवहारमा भने पार्टीभित्र विभिन्न शक्ति केन्द्रहरू सक्रिय रहेको तथ्य लुक्न सकेन। सभापति रवि लामिछाने, वरिष्ठ नेता वालेन्द्र शाह, उपसभापति डा. स्वर्णिम वाग्ले, ऊर्जामन्त्री विराजभक्त श्रेष्ठ र समीक्षा बास्कोटा वरिपरि छुट्टाछुट्टै समूह निर्माण भइरहेको चर्चा आफैंमा गम्भीर विषय हो। नयाँ राजनीतिको अभ्यास गर्ने दाबी गरेको दलमा महाधिवेशनकै बेला पाँचवटा शक्तिकेन्द्र देखिनु सामान्य घटना होइन।

झन् चिन्ताको विषय त पदाधिकारी चयनलाई लिएर भइरहेको भागबण्डाको राजनीति हो। कुन समूहले कति पद पाउने, कसलाई उपसभापति बनाउने, कसलाई महामन्त्री दिने भन्ने विषयले पार्टीको आन्तरिक बहस नै प्रभावित गरेको देखिन्छ। वालेन्द्र शाह पक्षलाई निश्चित संख्या पदाधिकारी दिने, स्वर्णिम वाग्ले पक्षलाई छुट्टै व्यवस्थापन गर्ने, अन्य समूहलाई पनि सन्तुष्ट पार्ने प्रयासले रास्वपाको निर्णय प्रक्रिया विचार र नीतिभन्दा शक्ति सन्तुलनतर्फ केन्द्रित भएको आभास दिन्छ।

लोकतान्त्रिक दलभित्र फरक मत, विचार र धारणा हुनु अस्वाभाविक होइन। बरु त्यो लोकतन्त्रको सुन्दर पक्ष हो। तर, विचार र सिद्धान्तका आधारमा होइन, व्यक्ति र पदका आधारमा समूह निर्माण हुनु भने राजनीतिक विकृति हो। नेपालका पुराना दलहरू यही समस्याबाट दशकौंदेखि ग्रस्त छन्। महाधिवेशन र अधिवेशनहरू नीतिगत बहसभन्दा गुटगत शक्ति प्रदर्शनका थलो बन्ने गरेका छन्। रास्वपाले यिनै प्रवृत्तिको आलोचना गरेर आफूलाई वैकल्पिक शक्ति बनाएको थियो। आज त्यही दलभित्र उस्तै अभ्यास देखिन थालेको छ।

राजनीतिमा नयाँ अनुहार आउनुमात्र परिवर्तन होइन। नयाँ सोच, नयाँ संस्कार र नयाँ कार्यशैली आउनु नै वास्तविक परिवर्तन हो। यदि पुराना दलका नेताको ठाउँमा नयाँ अनुहारमात्र आए तर राजनीतिक व्यवहार उही रह्यो भने त्यसले जनताको अपेक्षा पूरा गर्न सक्दैन। रास्वपाको परीक्षण अहिले यही बिन्दुमा भइरहेको छ।

महाधिवेशन कुनै पनि दलका लागि आत्मसमीक्षा र भविष्यको मार्गचित्र तय गर्ने अवसर हो। तर, यदि त्यही महाधिवेशन पदको भागबण्डा मिलाउने र शक्तिकेन्द्र व्यवस्थापन गर्ने प्रक्रियामा सीमित हुन्छ भने त्यसले पार्टीको दीर्घकालीन भविष्यलाई नै कमजोर बनाउँछ। जनताले रास्वपालाई पुराना दलहरूको प्रतिरूप बन्न होइन, तिनको विकल्प बन्न मत दिएका थिए।

त्यसैले रास्वपाले अहिले देखिएको गुटगत राजनीतिलाई सामान्य प्रतिस्पर्धा भनेर बेवास्ता गर्नु हुँदैन। यदि समयमै यसलाई संस्थागत संस्कृतिमा रूपान्तरण हुनबाट रोक्न सकिएन भने रास्वपा पनि अन्ततः पुरानै दलहरूले हिँडेको बाटोमा पुग्ने छ। त्यस अवस्थामा नयाँ राजनीतिको सपना देखेका मतदाताको निराशा झन् गहिरो हुने छ। नयाँ दलको सफलता चुनावी परिणामलेमात्रै होइन, उसले स्थापित गर्ने राजनीतिक संस्कृतिले निर्धारण गर्छ। रास्वपाले त्यो यथार्थ बुझ्न ढिलो गर्नु हुँदैन।

## श्रम सरोकार

### साउदी अरेबियामा रहेका नेपालीहरूले अपनाउनुपर्ने सावधानी

पछिल्ला दिनहरूमा साउदी अरेबियाका केही दूरसञ्चार कम्पनीहरूका प्रतिज्ञापत्रहरूका प्रावधानहरू कार्यान्वयनका नाममा हुने गरेका विभिन्न किसिमका ठगी बढेको पाइएको छ। जसमा धेरै नेपालीहरू आफूले लिँदै नलिएको वित्तीय दायित्वको झमेलामा परी कानुनी कारबाहीमा पर्दै आएको साउदीस्थित नेपाली दूतावासले जनाएको छ। अनधिकृत व्यक्तिहरूबाट सिमको खरिद गर्दा र आफ्ना व्यक्तिगत विवरणहरू जथाभावी बाँड्दा यस्ता घटनाहरू घटेका हुनसक्ने भन्दै दूतावासले निम्न सावधानी अपनाउन अपिल गरेको छ।

**अज्ञात फोन कल वा मेसेजबाट सचेत रहने**

कुनै प्रकारको प्रलोभन देखाइ, चिठ्ठा परेको भनी वा बैंक तथा सरकारी कार्यालयको कर्मचारी हो भनी कसैले तपाईंको ओटिपीलगायतका व्यक्तिगत विवरण मागेमा नदिने।

**मोबाइल सेवा खरिद गर्दा सावधानी अपनाउने**

खुला पसलहरू वा अनधिकृत डिलरहरूबाट सिमकार्ड नकिन्ने। मोबाइल सिम कार्ड, इन्टरनेट सेवा, वा किस्ताबन्दी योजनाहरू खरिद गर्दा सम्झौताका सर्तहरू ध्यानपूर्वक अध्ययन गर्ने। सेवा प्रदायक वा एजेन्टहरूसँग माथि उल्लिखित विषयमा सम्झौता गर्दा आफ्नो जानकारीको दुरूपयोग नहुने कुरा सुनिश्चित गर्ने।

**आफ्नो व्यक्तिगत जानकारी र कागजातहरू सुरक्षित राख्ने**

आफ्नो इकामा, राहदानी, बैंक विवरण वा अन्य व्यक्तिगत कागजातहरू अनावश्यकरूपमा कसैलाई नदिने। यदि कोही कसैले तपाईंको इकामा मागेमा मागिएको विवरणहरू किन आवश्यक छ भनी पहिले राम्रोसँग बुझ्नुहोस्। तपाईंको कम्पनी वा अन्य कुनै निकाय वा व्यक्तिले कुनै कागजमा तपाईंलाई हस्ताक्षर गर्न भनेमा त्यसमा लेखिएको व्यहोरा बुझेर उचित लागेमा मात्र हस्ताक्षर गर्नुहोस्।

**अब्शेर खाताको जानकारी सुरक्षित राख्ने**

आफ्नो अब्शेर खाताको विवरण, पासवर्ड, वा ओटिपी कसैलाई पनि नदिने। अपरिचित व्यक्तिलाई तपाईंको अबशेर खाता खोल्न, अपडेट गर्न, वा परिवर्तन गर्न सहयोग नमाग्नुहोस्। कसैले सहयोग गर्छु भने पनि त्यस्तो व्यक्तिको सहयोग नलिने। आफ्नो मोबाइल फोन कसैलाई पनि नदिने।

# आरोग्य पर्यटनमा योग



❑ विनोद घिमिरे

आधुनिक चिकित्सा पद्धतिले शारीरिक रोगहरूको निराकरणमा अतुलनीय प्रगति हासिल गरेता पनि आन्तरिक बेचैनी, खराब आचरणबाट सृजित समस्याहरू र आत्मिक शून्यताको पूर्ण समाधान ठम्याउन सकेको देखिँदैन। यही धरातलमा टेकेर हाल विश्व परिवेशमा आरोग्य पर्यटनको दायरा निकै द्रुत गतिमा फैलिँदै गइरहेको अवस्था छ।

आधुनिक जीवनसँगै धेरै मान्छेहरूको जीवनशैली परिवर्तन भएको छ। जसका कारणले मान्छेहरूमा धेरै रोगहरू उत्पन्न भएका छन्। सँगसँगै जीवनको गुणस्तर नै कम भएको अवस्था छ। यसरी आकुलव्याकुल भएर मान्छेहरू अब यात्राका लागि नै आरोग्यता रोज्ने परिस्थिति बनेको छ। मानिसहरू धेरै कारणले यात्रा गर्ने गर्छन्। कोही सौन्दर्यका लागि यात्रा गर्छन् कोही ट्रेकिङका लागि यात्रा गर्छन् कोही खेलकुदका लागि यात्रा गर्छन्। भने कोहीचाहिँ आफ्नो स्वास्थ्यलाई राम्रो बनाउन र रोगहरू कम गर्नका लागि पनि यात्रा गर्छन्। स्वास्थ्यका लागि गरिने यात्रालाई आरोग्य पर्यटन भनिन्छ। आरोग्य पर्यटनले रोगको उपचारमात्र नभएर व्यक्तिको स्वास्थ्य रक्षा गर्न जीवनशैली सुधार गर्न र जीवनको गुणस्तर वृद्धि गर्नलाई सहयोग गरिरहेको हुन्छ।

ग्लोबल वेलनेस इन्स्टिच्युटका अनुसार, आरोग्य पर्यटन भनेको आफ्नो व्यक्तिगत कल्याण र स्वास्थ्यलाई कायम राख्न वा बढावा दिन गरिने यात्रा हो। यो भनेको शारीरिक मानसिक भावनात्मक तथा आध्यात्मिक हिसाबले स्वास्थ्यको प्रवर्द्धन र संरक्षण गर्ने उद्देश्यले गरिने यात्रा हो। आरोग्य पर्यटनअन्तर्गत योग ध्यान आयुर्वेद प्राकृतिक चिकित्सा स्वस्थ आहार, स्पा डिटक्सजस्ता गतिविधिहरू पर्दछन्।

पछिल्लो समय आरोग्य पर्यटन निकै विस्तार भएको छ। २०३० सम्म यसले विश्व पर्यटनको २० देखि २५ प्रतिशतसम्म हिस्सा ओगट्ने आकलन गरिएको छ। आरोग्य पर्यटन भनेको स्वास्थ्य पर्यटनकै एउटा अंश पनि हो। आरोग्य पर्यटनको बजार तथ्यांक हेर्दा, आरोग्य पर्यटनमा नेपाल १४३ देशमध्ये ९१औं स्थानमा रहेको छ।

नेपालको आरोग्य पर्यटन अर्थतन्त्र करिब २.०२ अर्ब अमेरिकी डलर बराबर छ। आरोग्य पर्यटकले अन्य पर्यटकको तुलनामा ३० देखि ३५ प्रतिशत बढी खर्च गर्ने अध्ययनले देखाएको छ। आरोग्य पर्यटनमा योगको निकै ठूलो भूमिका छ। योगले व्यक्तिलाई स्वस्थ रहन र रोग भइसकेको अवस्थामा त्यसको व्यवस्थापन गर्न सहयोग गर्छ। त्यसैले आजकाल आरोग्यका लागि यात्रा गर्ने क्रममा योग एउटा अभिन्न अंश पनि बनेको छ। योगले आरोग्य पर्यटनमा निम्न कुराहरूमा सहयोग गर्न सक्छ:

**१) मानसिक आरोग्यता र तनावबाट मुक्ति**

विश्व स्वास्थ्य संगठनका अनुसार अहिले तनाव एक महामारीको रूपमा रहेको छ। योसँगै हरेक व्यक्तिमा तनाव एन्जाइटी डिप्रेसनजस्ता मानसिक समस्याहरू देखिँदै आएका छन्। फलस्वरूप धेरै आरोग्य पर्यटनमा तनाव व्यवस्थापन र मानसिक आरोग्यता महत्त्वपूर्ण विषय बनेको छ। योगले मानसिक तनाव कम गर्दै चिन्ता रोग डिप्रेसनजस्ता रोगहरूलाई पनि कम गर्न सहयोग गर्छ भन्ने विभिन्न अनुसन्धानहरू छन्। रोगले खुसी हर्मोन बढाउने तथा तनाव हर्मोनलाई कम गर्नेगरी यस्ता अवस्थाहरूमा फाइदा पुऱ्याउने प्रशस्त अध्ययनहरू भएका छन्। यसैलाई आत्मसात् गरेर धेरै ठाउँमा योगका रिट्रिटहरू पनि सञ्चालन भएका छन् जसले मानसिक आरोग्यता र तनावको मुक्तिका लागि विशेष कार्य गर्दछन्।

**२) जीवनशैली रूपान्तरण**

पछिल्लो समय जीवनशैली जन्य विभिन्न रोगहरू उत्पन्न भएका छन्। जीवनशैलीजन्य रोगहरूमा मधुमेह, उच्च रक्तचाप, मोटोपन, शरीरका विभिन्न दुखाइहरू, डिप्रेसन, एन्जाइटी, पेटका रोगहरू आदि पर्दछन्। यी रोगहरूको प्रमुख कारण हेर्दा जीवनशैली नराम्रो हुनु नै प्रमुखका अवस्था छ। यसका लागि मान्छेहरूलाई जीवनशैली परिवर्तन गर्नुपर्छ भन्ने थाहा छ तर जीवनशैली परिवर्तन गर्नलाई अप्ठ्यारो छ र त्यसका लागिचाहिँ एकदमै शान्त वातावरणमा मान्छेले कसरी जीवनशैली व्यवथापन गर्ने भन्नेजस्ता कुराहरूचाहिँ सिक्नुपर्ने हुन्छ। अहिलेको जीवनशैली व्यवस्थापन भनेको डर मा आधारित छ र तिमीले यो-यो जीवनशैली परिवर्तन गरेनौं भने यो-यो रोग लागेर मर्न सक्छौं भन्ने डरलेचाहिँ जीवनशैली व्यवस्थापन पूरै दीर्घकालीनरूपमा व्यवस्थित हुँदैन भन्ने छ।

योगले खुसीमा आधारित जीवनशैली परिवर्तन सिकाउँछ जसले गर्दा चाहिँ यो दीर्घकालीनरूपमा फाइदाजनक छ भनेर प्रमाणित भएको अवस्था छ। त्यसैले पछिल्लो समयमा आफ्नो जीवनशैलीलाई रूपान्तरण गर्नका लागि योगको भूमिकालाई लिएर विभिन्न योग रिट्रिट केन्द्र तथा आश्रममा आउने चलन छ। योगले रोगरोधक, स्वास्थ्यप्रवर्द्धक, उपचारात्मक, पुनःस्थापनात्मक चारै पक्षमा कार्य गर्छ। नेपाल आरोग्य पर्यटनको हब बन्ने सम्भावना उच्च छ।

नेपालको भौगोलिक विविधताअन्तर्गत तराईको न्यानो फाँटदेखि मध्य पहाडको समशितोष्ण र हिमाली भेगको स्वच्छ शीतल वातावरण योग साधनाका लागि वरदान सावित छन्। विश्वव्यापी आरोग्य पर्यटनको रंगमञ्चमा नेपालले योगलाई आफ्नो मुख्य पहिचान अर्थात् ब्राण्डका रूपमा स्थापित गर्न सक्ने प्रवल सम्भावना देखिन्छ। वर्षको बाह्रै महिना ऋतुअनुसारका फरक-फरक प्राकृतिक परिवेशमा योग रिट्रिटहरू सञ्चालन गर्न सकिने अनुपम पर्यावरणीय धरातल नेपालसँग सुरक्षित छ।

**३) उच्चस्तरको साधना**

हिमालयको काखमा बसेर गरिने योग र ध्यानलाई विश्वका धेरै साधकहरूले एउटा विशेष अवसर र सौभाग्यका रूपमा लिने गरेका छन्। नेपाल बुद्ध र विभिन्न ऋषिमुनिहरूको साधना गर्ने स्थल भएकाले यहाँको वातावरणमा नै बेग्लै प्रकारको आध्यात्मिक ऊर्जा पाइन्छ। यसले गर्दा आरोग्यताका लागि यात्रा गर्ने विदेशी पर्यटकहरू यहाँ निकै आकर्षित हुने गरेका छन्। लुम्बिनी, पोखरा, काठमाडौंका उच्च स्थान र हिमाली भेगमा विशेष योग रिट्रिट तथा आरोग्य केन्द्रहरू निर्माण गर्न सकेमा नेपालमा उच्चस्तरका धेरै पर्यटक ल्याउन सकिने प्रशस्त आधारहरू छन्।

**४) प्राकृतिक र वैकल्पिक उपचारसँगको संयोजन**

आरोग्य पर्यटनभित्र आयुर्वेद, प्राकृतिक चिकित्सा र स्पा थेरापीहरू पर्दछन्। योग यी सबै विधाको परिपूरक हो। उदाहरणका लागि, आयुर्वेदको डिटक्स (पञ्चकर्म) गरिरहेको व्यक्तिलाई शरीर हलुका बनाउन र ऊर्जा प्रवाह राम्रो गर्न योग आसनहरू गराइन्छ। यसले गर्दा आरोग्य पर्यटनका प्याकेजहरू अझ बढी प्रभावकारी बन्छन्।

**५) दीर्घकालीन र गुणस्तरीय पर्यटनको प्रवर्द्धन**

आरोग्य पर्यटनको एक महत्त्वपूर्ण अवयवका रूपमा योगले पर्यटन क्षेत्रको आर्थिक सबलीकरणमा विशेष योगदान दिइरहेको पाइन्छ। सामान्यतः अन्य पर्यटकहरू तीनदेखि पाँच दिनसम्म मात्र भुल्ने गरेता पनि योग र आरोग्यताका अभ्यासीहरू प्रायः एक हप्तादेखि एक महिना वा सोभन्दा लामो अवधिसम्म बस्ने गर्छन्। आफ्नो स्वास्थ्य र खानपानप्रति सचेत रहने यस्ता पर्यटकस्तरीय सेवाका लागि बढी खर्च गर्न इच्छुक हुने हुँदा यसबाट पर्यटन उद्योगले उल्लेख्य लाभ लिन सक्छ। योगका लागि शान्त र नैसर्गिक वातावरण अपरिहार्य हुने भएकाले यस्ता केन्द्रहरू सहरभन्दा टाढा ग्रामीण वा जंगलको निकट क्षेत्रमा स्थापना हुन्छन्। यसबाट पर्यटकीय लाभ स्थानीय स्तरसम्म पुगी ग्रामीण क्षेत्रमा रोजगारीका अवसरहरू सृजना हुन्छन्। सरकारले नेपाललाई आरोग्य पर्यटनको विश्व केन्द्र बनाउने १०० बुँदे कार्ययोजनामा 'योग, ध्यान, आयुर्वेद' ब्राण्ड बनाउने घोषणा गरेको छ, नेपाल आरोग्य वर्ष २०२७ ले यो ब्राण्ड बनाउँदै छ। योग आरोग्य पर्यटनको मूलमन्त्र हो।

प्रशस्त सम्भावनाहरूका बाबजुद आरोग्य पर्यटनको रंगमञ्चमा योगको भूमिकालाई संस्थागत र सुव्यवस्थित तुल्याउन केही चुनौती तथा अवरोधहरू विद्यमान देखिन्छन्:

**१) अन्तर्राष्ट्रिय प्रमाणीकरण र ब्राण्डिङको चुनौती**

नेपालमा योग प्रशिक्षणका अनेकौं केन्द्रहरू सञ्चालित भएता पनि तिनलाई वैश्विक मापदण्डअनुरूपको 'वेलनेस रिसोर्ट' वा प्राज्ञिक एकेडेमीको रूपमा चिनाउन सकिएको छैन।

**२) विशिष्टीकृत वैज्ञानिक पाठ्यक्रमको अभाव**

परम्परागत आसन र अभ्यासमा मात्र सीमित नभई विदेशी साधकहरूको शारीरिक तथा मानसिक अभिलाषा (जस्तै: एन्टि-एजिङ, शोधन प्रक्रिया वा उपचारात्मक योग) लाई सम्बोधन गर्ने वैज्ञानिक प्याकेजहरूको कमी महसुस गरिएको छ।

**३) पूर्वाधार विकास र सहज पहुँच**

योग साधनाका लागि उपयुक्त एकान्त र शान्त गन्तव्यहरूसम्म पुग्ने यातायात सञ्जाल भरपर्दो नहुँदा उच्चस्तरका अन्तर्राष्ट्रिय पर्यटकहरू यस्तो सेवा लिन संकोच मान्ने परिस्थिति छ।

विश्व परिवेशमा आरोग्य पर्यटन केवल सौखिन विलासितामात्र नभई दैहिक एवं मानसिक सन्तुलन कायम राख्ने अपरिहार्य आवश्यकताका रूपमा उदय भएको छ। यस सन्दर्भमा, यस मानवीय अभिलाषालाई सम्बोधन गर्ने सर्वोत्कृष्ट एवं वैज्ञानिक कडीका रूपमा योगको भूमिका अद्वितीय देखिन्छ।

आरोग्य पर्यटनको यस बृहत्तर रंगमञ्चमा योगलाई आधारभूत स्तम्भका रूपमा प्रतिष्ठित गर्न नेपालले 'हिमालयन वेलनेस' को नवीन अवधारणालाई आत्मसात् गर्नु श्रेयस्कर देखिन्छ। राज्यको नीतिगत तहबाटै योग पर्यटनलाई उच्च प्राथमिकतामा राख्ने, वैश्विक मापदण्डका वेलनेस रिसोर्टहरूलाई प्रवर्द्धन गर्ने र आधुनिक चिकित्सा प्रणालीसँग योग विज्ञानको तादाम्यता मिलाउँदै एकीकृत चिकित्सा पद्धतिको मार्गप्रशस्त गर्न सकेमा यसले राष्ट्रिय अर्थतन्त्र र जनस्वास्थ्यको क्षेत्रमा युगान्तकारी रूपान्तरण सूत्रपात गर्न सक्ने प्रवल आधारहरू सुनिश्चित गर्दछ। *रासस*

***(लेखक योग विशेषज्ञ हुन्)***

# सत्ताको सुनौलो जाल






बैकुण्ठ भण्डारी

नेपालको राजनीति पनि गजबको रंगमञ्च हो। यहाँ पात्र फेरिन्छन्, पार्टी फेरिन्छन्, भाषण फेरिन्छन्, तर जनताको पीडा र प्रश्न उस्तै रहन्छ। चुनावको बेला जनताको घरदैलोमा पुग्ने, हात जोड्ने, 'देश बनाउँछौं' भन्ने नेताहरू जब सत्ताको कुर्सीमा पुग्छन्, त्यही कुर्सीले उनीहरूको आँखामा यस्तो चस्मा लगाइदिन्छ कि जनताको दुःखभन्दा आफ्नै वरिपरिको भीड ठूलो देखिन थाल्छ।

नेपालको राजनीति एउटा यस्तो बजार बनेको छ जहाँ सिद्धान्तको मूल्य घट्दै गएको छ र पहुँचको मूल्य बढ्दै गएको छ। जहाँ सेवा गर्ने सपना बोकेर आएको राजनीति कतिपयका लागि शक्ति, सुविधा र सम्पत्ति जोड्ने माध्यम बन्न पुगेको आरोप लाग्दै आएको छ।

अहिले फेरि देशमा सम्पत्ति, सत्ता र जवाफदेहिताको विषय चर्चामा छ। शक्तिशाली पदमा बसेका व्यक्तिहरूमाथि छानबिन, अनुसन्धान र प्रश्न उठ्नु लोकतन्त्रको स्वाभाविक प्रक्रिया हो। तर जनताको मनमा एउटा पुरानो प्रश्न अझै जीवित छ, 'सार्वजनिक जीवनमा आएका मानिसहरूको जीवनशैली यति छिटो कसरी बदलिन्छ ?'

जनताको प्रश्न केवल एउटा व्यक्ति वा एउटा घटनासँग मात्र जोडिएको छैन। यो त वर्षौंदेखि जम्मा भएको असन्तुष्टिको आवाज हो। किनकि, जनताले देखेका छन्। एउटा सामान्य नागरिकले जीवनभर मिहेनत गर्दा पनि घर बनाउन संघर्ष गर्छ, तर केही मानिसहरू राजनीतिमा प्रवेश गरेपछि छोटो समयमै ठूलो सम्पत्तिका मालिक बन्न पुग्छन्। त्यसैले जनता सम्पत्तिको आकार होइन, त्यसको स्रोत खोज्न चाहन्छन्।

'राजनीति सेवा हो भनियो, तर कतै कतै त सेवा गर्ने नाममा सम्पत्ति जोड्ने कला पो सिकाइयो कि ?' राजनीतिको सबैभन्दा ठूलो समस्या भ्रष्टाचारमात्र होइन, जवाफदेहिताको अभाव हो। गल्ती हुँदा पनि शक्तिको आडमा बच्ने संस्कारले जनताको विश्वास कमजोर बनाएको छ। कुनै पनि लोकतन्त्र बलियो हुनका लागि कानुन सबैका लागि समान हुनुपर्छ। पद ठूलो भयो भन्दैमा प्रश्नबाट माथि हुन पाइँदैन, र कमजोर भयो भन्दैमा अन्याय सहन बाध्य हुनु हुँदैन।

नेपालमा वर्षौंदेखि अर्को एउटा समस्या देखिएको छ। विकासको नाममा बजेट आउँछ, योजना बन्छ, ठेक्का लाग्छ, तर कामको गुणस्तर र खर्चको पारदर्शिता सधैं प्रश्नको घेरामा पर्छ। सडक किन बिग्रियो ? पुल किन कमजोर भयो ? आयोजना किन ढिला भयो ? यी प्रश्नको उत्तर खोज्दा धेरैपटक राजनीतिक पहुँच, ठेकेदारको प्रभाव र प्रशासनिक कमजोरीको कथा भेटिन्छ।

ठेकेदार, व्यापारी र राजनीतिक शक्तिको सम्बन्ध पनि जनताको चासोको विषय बनेको छ। कुनै व्यापारीले आफ्नो शक्ति र पहुँच प्रयोग गरेर राज्यलाई प्रभावित गरेको छ भने त्योमाथि निष्पक्ष अनुसन्धान हुनुपर्छ। तर अनुसन्धान पनि प्रतिशोध होइन, प्रमाण र कानुनको आधारमा हुनुपर्छ। किनकि, न्यायको नाममा अन्याय हुनु पनि अर्को समस्या हो। आज जनताले खोजेको कुरा केवल पक्राउको समाचार होइन, प्रणालीको सुधार हो। एउटा व्यक्ति पक्राउ पर्दैमा देश सुध्रिदैन। किनकि भ्रष्टाचार एउटा व्यक्तिको मात्र रोग होइन, कहिलेकाहीँ यो सोच र संस्कारको रोग हुन्छ।

नेपालको राजनीति कहिलेकाहीँ यस्तो देखिन्छ। 'एउटा मान्छे कुर्सीबाट झर्छ, अर्को मान्छे त्यही कुर्सीमा बस्छ, तर कुर्सीको धूलो भने उस्तै रहन्छ।' नयाँ पुस्ताले पुरानो राजनीतिक संस्कारमाथि प्रश्न उठाइरहेको छ। सहरका सडक, सामाजिक सञ्जाल र जनताको आवाजमा एउटा माग छ, अब भाषण होइन, काम चाहियो। अब नाराले होइन, परिणामले विश्वास जित्नुपर्छ।

तर नयाँ नेतृत्वका लागि पनि चुनौती कम छैन। लोकप्रियता बढेपछि वरिपरि अवसर खोज्नेहरूको भीड लाग्छ। कसैले नाम बेचेर फाइदा लिन खोज्छ, कसैले पहुँचको व्यापार गर्न खोज्छ। देश परिवर्तनको अभियानमा लाग्नेहरूले आफ्नो वरिपरिको घेरा पनि सफा राख्नुपर्छ। किनकि, कहिलेकाहीँ बाहिरका विरोधीभन्दा भित्रका स्वार्थीहरू ठूलो समस्या बन्न सक्छन्।

राजनीतिमा अर्को ठूलो विडम्बना पनि छ। आफ्नो पक्षको मान्छेले गल्ती गर्दा मौन बस्ने र अर्को पक्षको मान्छेले गल्ती गर्दा ठूलो आवाज निकाल्ने प्रवृत्ति। भ्रष्टाचार कुनै दल, झण्डा वा विचारधाराको हुँदैन। गलत काम गर्ने व्यक्ति जुनसुकै पक्षको भए पनि कानुनको दायरामा आउनुपर्छ।

जनताले अब एउटा कुरा बुझ्न थालेका छन्। लोकतन्त्र भनेको केवल चुनाव होइन, निगरानी पनि हो। नेता छान्ने अधिकारसँगै प्रश्न गर्ने अधिकार पनि जनतासँग हुन्छ। जनताले तालीमात्र होइन, हिसाब पनि माग्न सिक्नुपर्छ। देशको ढुकुटी कुनै नेता, व्यापारी वा शक्तिशाली समूहको निजी पेवा होइन। त्यो किसान, मजदुर, कर्मचारी र आमनागरिकको योगदानबाट बनेको साझा सम्पत्ति हो। त्यसैले राज्यको स्रोत दुरूपयोग गर्ने जोसुकै भए पनि जवाफदेही हुनुपर्छ।

तर देश बनाउने बाटो केवल रिस र आक्रोशबाट सम्भव छैन। बलियो कानुन, निष्पक्ष संस्था, पारदर्शी शासन र सचेत नागरिक नै वास्तविक समाधान हुन्। 'कुर्सीले केही समयका लागि शक्ति दिन सक्छ, तर जनताको स्मृतिबाट कसैलाई मेटाउन सक्दैन।' आजको नेता भोलि इतिहासको पात्र बन्न सक्छ। आजको शक्ति भोलि प्रश्नको कठघरामा उभिन सक्छ। त्यसैले सार्वजनिक जीवनमा आउने हरेक व्यक्तिले सम्झनुपर्छ। पद अस्थायी हो, कर्म स्थायी हो।

देश हाँस्ने दिन त्यतिबेला आउँछ, जब राजनीति व्यापार होइन सेवा बन्ने छ। जब राज्यको सम्पत्ति व्यक्तिगत अवसर होइन राष्ट्रिय जिम्मेवारी बन्ने छ। जब नेता जनताभन्दा माथि होइन, जनताको सेवक बन्ने छ। किनकि, अन्तिम हिसाब किताब चुनावको मञ्चमा होइन, जनताको मनमा हुन्छ।

नेपालको राजनीति पनि अचम्मको विद्यालय रहेछ। यहाँ प्रवेश गर्न जनताको विश्वास चाहिन्छ, तर पास हुनचाहिँ जनताको परीक्षा होइन, शक्तिको परीक्षा दिनुपर्ने रहेछ। चुनावअघि नेताहरू जनताको घरमा पुगेर 'तपाईंको सेवक हुँ' भन्छन्, तर कुर्सी पाएपछि त्यही सेवकको वरिपरि यति धेरै सुरक्षा घेरा लाग्छ कि जनता भेट्न जान पनि अनुमति लिनुपर्ने अवस्था आउँछ।

मटचांग्रोको हिसाबमा हेर्ने हो भने, नेपालमा नेताको सम्पत्ति बढ्ने गति र देशको विकासको गति तुलना गर्न मिल्दैन। देशको अर्थतन्त्र बिस्तारै हिँड्छ, तर केही व्यक्तिको जीवनशैली भने रकेटजस्तै उड्छ। जनताले यहींबाट प्रश्न गर्छन्, 'यो विकास कुन बाटोबाट आयो ? देशको बाटोबाट कि व्यक्तिगत भाग्यको गोरेटोबाट ?'

राजनीतिमा एउटा नयाँ संस्कार पनि देखिन थालेको छ। पदमा हुँदा सबै ठीक, पद गएपछि सबै फाइल खुल्ने। मानौं कुर्सीमा बस्दा कानुनले पनि सलाम गर्छ, तर कुर्सीबाट झरेपछि कानुनले पुराना कागज खोज्न थाल्छ।

कहिलेकाहीँ लाग्छ, हाम्रो देशमा कुर्सीभन्दा शक्तिशाली अर्को कुनै वस्तु छैन। कुर्सीमा बसेपछि मानिसले आलोचना सुन्न छोड्छ, जनताको पीडा देख्न छोड्छ र आफ्नै प्रशंसकहरूको आवाजमात्र सुन्न थाल्छ। वरिपरि बसेकाहरू पनि 'वाह ! कस्तो महान् नेता !' भन्दै यस्तो ऐना देखाउँछन् कि वास्तविक अनुहार नै हराउन पुग्छ।

तर इतिहासको ऐना फरक हुन्छ। त्यसले चाकडी देखाउँदैन, केवल कर्म देखाउँछ।

नेपालमा अर्को रोचक दृश्य पनि छ। जब कुनै शक्तिशाली व्यक्ति समस्यामा पर्छ, उसको वरिपरिको भीड अचानक घट्न थाल्छ। हिजो 'हजुरविना देश चल्दैन' भन्नेहरू भोलि 'हामी त चिनेकै थिएनौं' भन्न तयार हुन्छन्। राजनीति पनि कस्तो सम्बन्ध रहेछ। फाइदा हुँदा परिवार, समस्या पर्दा अपरिचित ! मटचांग्रो भन्छ, 'राजनीतिको संसारमा कुर्सी हुँदा आफन्त धेरै हुन्छन्, कुर्सी जाँदा आफैंसँग कुरा गर्ने समय आउँछ।'

देशको अर्को विडम्बना के हो भने, जनताले सामान्य जीवन बिताउन संघर्ष गरिरहेका छन्। महँगी बढ्छ, रोजगारी घट्छ, युवा विदेश जान बाध्य हुन्छन्। तर राजनीतिक वृत्तमा भने शक्ति, पहुँच र सुविधाको चर्चा चलिरहन्छ। यही दूरीले जनतामा निराशा बढाएको हो।

तर अब जनताले केवल गुनासो गरेर बस्ने समय छैन। उनीहरूले प्रश्न गर्न थालेका छन्। सम्पत्तिको स्रोत खोज्न थालेका छन्। कामको हिसाब माग्न थालेका छन्। यही चेतना लोकतन्त्रको असली शक्ति हो।

नयाँ नेतृत्व आए पनि पुरानो रोग दोहोरिन नदिन जनताले सजग हुनुपर्छ। किनकि, भ्रष्टाचारको सबैभन्दा ठूलो शत्रु केवल प्रहरी वा अदालत होइन, सचेत नागरिक पनि हुन्। 'देशलाई गरिब बनाएर आफ्नो दरबार बनाउने सपना देख्नेहरूले एउटा कुरा बुझ्नुपर्छ। जनताको धैर्यको पनि ब्याज लाग्छ। ढिलो होला, तर हिसाब माग्ने दिन आउँछ।'

राजनीतिमा आउने मानिसले सम्झनुपर्छ। जनताले दिएको मत ऋण हो, माफीपत्र होइन। कुर्सी जिम्मेवारी हो, पुरस्कार होइन। राज्यको सम्पत्ति अवसर होइन, अमानत हो। देशलाई हँसाउने हो भने भाषणको मञ्चमा होइन, जनताको जीवनमा परिवर्तन देखिनुपर्छ। नत्र जनताको मौनता पनि एक दिन ठूलो झट्का लाग्न सक्छ। सिंहदरबार जलेजस्तै अरू दरबार पनि जल्न सक्छ।



**परमपरागत पानीघट्ट** | अछामको मेल्लेख गाउँपालिका–२ ऋषिदहकी महिला पानीघट्टमा पिठो पिस्दै । *तस्बिर: रासस*

# रसुवामा विपद्जन्य जोखिम न्यूनीकरणका लागि तयारी पूरा

**रसुवा–** वर्षायाम नजिकिँदै जाँदा बाढीपहिरो, ढुंगा खस्ने, आकस्मिक बाढी तथा अन्य प्राकृतिक विपद्को जोखिम बढ्न सक्ने अवस्थालाई मध्यनजर गर्दै रसुवामा विपद् व्यवस्थापनको तयारी पूरा गरिएको छ । जिल्ला विपद् व्यवस्थापन समिति रसुवाले सम्भावित विपद्को पूर्वतयारी, उद्धार तथा राहत व्यवस्थापनका लागि आवश्यक सम्पूर्ण संयन्त्रलाई तयारी अवस्थामा राखिएको रसुवाका प्रमुख जिल्ला अधिकारी राजेश पन्थीले जानकारी दिए ।

जिल्ला प्रशासन कार्यालय रसुवाका सहायक प्रमुख जिल्ला अधिकारी एवं सूचना अधिकारी द्रुवप्रसाद अधिकारीकाअनुसार विपद् व्यवस्थापनका लागि जिल्लामा क्रियाशील सरकारी तथा गैरसरकारी संस्था, सामाजिक संघसंस्था, प्रतिष्ठान तथा रसुवामा सञ्चालित जलविद्युत् आयोजनालाई सम्भावित उद्धार तथा राहत कार्यमा सक्रियरूपमा सहभागी हुन आग्रह गरिएको छ ।

समितिले स्थानीय प्रशासन, सुरक्षा निकाय तथा विपद् व्यवस्थापनसँग सम्बन्धित सम्पूर्ण संयन्त्रलाई २४सै घण्टा तयारी अवस्थामा राखेको जनाएको छ । जिल्ला अस्पताललाई एम्बुलेन्स, चिकित्सक, स्वास्थ्यकर्मी तथा आवश्यक औषधि र स्वास्थ्य सामग्री पर्याप्त मात्रामा भण्डारण गरी तयारी अवस्थामा राख्न निर्देशन दिइएको छ ।

त्यसैगरी जिल्लाका पाँचवटै गाउँपालिकालाई एम्बुलेन्स तयारी अवस्थामा राख्न, आवश्यक औषधि, राहत तथा उद्धार सामग्री कार्यालयको जिन्सी शाखामार्फत सुरक्षित भण्डारण गर्न र विपद् प्रतिकार्यका लागि बजेटसमेत विनियोजन गर्न विपद् व्यवस्थापन समितिले निर्देशन दिएको छ । ट्राफिक र पर्यटन प्रहरी तथा राष्ट्रिय अनुसन्धान कार्यालयलाई वर्षायाममा जोखिम हुनसक्ने स्थानहरूको पहिचान गरी आवश्यक सुझाव जिल्ला विपद् व्यवस्थापन समितिमा पठाउन आग्रह गरिएको छ ।

सहायक प्रमुख जिल्ला अधिकारीका अनुसार विपद्को समयमा तत्काल परिचालन हुने 'क्विक रेस्पोन्स टिम' र 'र्‍यापिड रेस्पोन्स टिम'को कार्ययोजना तयार भइसकेको छ ।

सर्वसाधारणलाई विशेष सतर्कता अपनाउन आग्रह

वर्षायाममा पहाडी भेगका ठाडा खोल्सामा भल आउने, पहिरो खस्ने तथा ढुंगा झर्ने जोखिम उच्च रहने भएकाले पानी परेका बेला सकेसम्म यात्रा नगर्न र अत्यावश्यक परे भरपर्दो साथीको साथमामात्र सावधानीपूर्वक यात्रा गर्न समितिले अनुरोध गरेको छ ।

विशेषगरी ठूलोभोर्ले, पारच्याङ, पाटीखर्क, बोगटीटार र बनुवा क्षेत्रबाहेक जिल्लाका अधिकांश भूभाग भिरालो तथा पहिरोको जोखिमयुक्त रहेकाले खोल्सा तर्दा, सडक तथा पदमार्गमा हिँड्दा उच्च सतर्कता अपनाउन आग्रह गरिएको छ । गत वर्ष लाङटाङ पदमार्ग क्षेत्रमा वर्षायामका क्रममा भएको दुःखद् घटनालाई स्मरण गर्दै समितिले वर्षा सुरु हुनासाथ सुरक्षित स्थानमा आश्रय लिन र जोखिमयुक्त क्षेत्रमा अनावश्यक आवतजावत नगर्न सर्वसाधारणलाई आग्रह गरेको छ ।

जिल्ला विपद् व्यवस्थापन समितिले प्राकृतिक विपद् कुनै पनि बेला आउन सक्ने भएकाले नागरिक, स्थानीय तह, सरकारी निकाय, सुरक्षा निकाय तथा सामाजिक संघसंस्थाबीच समन्वय र सचेतनालाई अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता औंल्याएको छ । समितिले समयमै अपनाइने सावधानी र पूर्वतयारीले ठूलो क्षति हुनबाट जोगाउन सकिने विश्वास व्यक्त गरेको छ । *रासस*

# वन्यजन्तुसँग साक्षात्कार गराउँदै कुम ठाकुर

**महेन्द्रनगर–** शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको अवलोकन भ्रमणका लागि आउने आन्तरिक तथा बाह्य पर्यटकको रोजाइमा पर्ने गरेका छन्, यहाँका कुम ठाकुर । परिपक्व अनुभव बटुलेका कारण पर्यटकको रोजाइमा उनी परेका हुन् ।



कञ्चनपुरको भीमदत्त नगरपालिका-१४ नयाँबस्तीका ३७ वर्षीय ठाकुर 'नेचरगाइड' हुन् । 'सिनियर नेचर गाइड भएकाले शुक्लाफाँटामा पर्यटक लिएर जानेमध्ये अग्रस्थानमै पर्छु,' ठाकुरले भने, 'विदेशमा पसिना बगाएर दुःख गर्नुभन्दा घर आँगनमै पर्यटकलाई वन्यजन्तु र पर्यावरणसित साक्षात्कार गराउन पाउँदा खुसी छु ।'

नेचरगाइड एसोसिएसन शुक्लाफाँटाको अध्यक्षसमेत रहेका ठाकुर शुक्लाफाँटाबारे निकै जानकार भइसकेका नेचरगाइड हुन् । 'सन् २००९ मा मलेसिया गएको तीन वर्षपछि सन् २०१२ को अन्तिमतिर फर्किएर नेचरगाइडको काममा लागेँ,' उनले भने, '१३ वर्षदेखि निरन्तर शुक्लाफाँटा निकुञ्जमा नेचरगाइडका रूपमा काम गर्दै छु ।'

सन् २००७ मा नेचरगाइड तालिम लिएका ठाकुरले गर्मीयाममा शुक्लाफाँटामा धेरै वन्यजन्तु सहजै देख्न सकिने बताए । 'पर्यटकलाई कुन क्षेत्रमा कुन वन्यजन्तु भेटिन्छ भन्नेबारे थाहा भएअनुसार नै घुमाउँछु,' उनले भने, 'शुक्लाफाँटा निकुञ्ज दुर्लभ वन्यजन्तु र वनस्पतिका लागि प्रख्यात छ ।' उनले यहाँ चरा हेर्न धेरै विदेशी पर्यटक आउने गरेको बताए ।

नेचर गाइडसँगै फोटोग्राफरकोसमेत काम गरिरहेका ठाकुरले प्रायः शुक्लाफाँटामा पाइने वन्यजन्तुको तस्बिर/भिडियो पनि कैद गरेका छन् । 'चर्चित फोटोग्राफरदेखि मोडल, कलाकार, ब्लगरलाई यहाँ घुमाएको छु,' उनले भने, 'चरा हेर्न आउने विदेशी पर्यटक यहाँको माहोलमा रमाइलो मानेर जान्छन् ।'

शुक्लाफाँटाको अवस्था, वस्तुस्थिति र भूगोलबारे जानकार भइसकेका ठाकुरले गर्मी मौसममा महिनामा १० देखि १५ पटक पाटेबाघ देखिने गरेको बताए । यहाँ बढी संख्यामा पर्यटक फागुनदेखि जेठ अन्तिमसम्म आउने गरेका छन् । 'कोभिडपछि केही समय पर्यटक आवागमन प्रभावित भयो । दसैं तिहारका बेला पनि यहाँ अवलोकनका लागि जानेको लर्को हुन्छ । फोटोग्राफर र वर्डवाचरलाई धेरै आउँछन् । ४६५ भन्दा बढी प्रजातिका चराचुरुंगी यहाँ छन्,' उनले भने, 'आन्तरिक पर्यटक बाघ र बाह्य पर्यटक चरा हेर्न बढी रुचाउँछन् । बाह्रसिंगे भनेर हेर्न आउने पर्यटकको संख्या पनि छ ।'

शुक्लाफाँटा जंगल कटेजमा कार्यरत ठाकुरले नेचरगाइडको कामबाट मासिक २५ देखि ३० हजार रूपैयाँ आम्दानी हुने गरेको बताए । 'यहाँ जिप सफारी र जंगल वाकमात्रै छ । भविष्यमा थप योजना ल्याउन सके पर्यटक बढी भित्रिन्छन्,' उनले भने, 'पर्यावरणमा रमाउने बानी परेका पर्यटकका लागि शुक्लाफाँटा उत्कृष्ट गन्तव्य हो ।'

शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको मुल रहेको मझगाउँ र नयाँबस्ती क्षेत्रमामात्रै १०-१२ जना नेचरगाइड भूमिकामा काम गर्छन् । 'जुनियर गाइडको एक हजार रूपैयाँ र चरा हेर्न जाने पर्यटकबाट दुई हजार रूपैयाँभन्दा माथि आम्दानी हुन्छ,' उनले भने, '३०५ वर्गकिलोमिटरमा रहेको शुक्लाफाँटामा आहरा प्रजाति प्रशस्त छ । नेचरमा अध्ययन खोज्नेको उचित ठाउँ पनि हो ।'

मुलुकमै ठूलो घाँसेमैदान र थोरै क्षेत्रफलमा धेरै दुर्लभ वन्यजन्तु र वनस्पति वन्यजन्तु हेर्न मिल्ने भएकाले यहाँ भ्रमण गर्ने स्वदेशी तथा विदेशी पर्यटकको संख्या बढिरहेको छ । उनले बाघ यहाँको रानीताल, बाबाताल, सालगौडी ताल, चौधर खोला, शिकारी ताल, घाँसेमैदान र बर्कोला क्षेत्रमा बढी देखिने गरेको बताए । *रासस*

# बाहुनडाँगीमा हात्ती नियन्त्रण गर्न 'टास्कफोर्स' परिचालन

**झापा–** हात्ती प्रभावित मेचीनगर नगरपालिका-४ बाहुनडाँगीमा सशस्त्र प्रहरी बलले थप जनशक्ति परिचालन गरेको छ । भारतबाट दर्जनौंको संख्यामा दिनहुँ भित्रिने जंगली हात्तीको बथानले क्षति पुर्‍याउन थालेपछि जनधनको सुरक्षा गरी हात्ती नियन्त्रण गर्ने उद्देश्यका साथ १० जना सुरक्षाकर्मी रहेको 'स्पेसल टास्कफोर्स' परिचालन गरिएको हो ।

'स्पेसल टास्कफोर्स' बाहुनडाँगी पठाइसकिएको बताउँदै सशस्त्र प्रहरी बल नेपालको नम्बर २ गणका सूचना अधिकारी सुमन पोखरेलले बाहुनडाँगी सुरक्षा पोस्टमा यसअघिदेखि २० जना सुरक्षाकर्मी रहँदै आएका जानकारी दिए । उनले भने, 'अहिले हात्ती नियन्त्रण गर्न भनेर स्पेसल टास्कफोर्सअन्तर्गत १० जना सुरक्षाकर्मी थप गरिएको हो ।'

मेचीनगर नगरपालिका-१ र ४ स्थित बाहुनडाँगी क्षेत्रमा भारतको आसाम र पश्चिम बंगालको वन्यजन्तु आरक्षण रहेको जंगलबाट नेपालमा हात्तीको बथान भित्रिने गरेका छन् । नौ दिनअघि हात्तीले मेचीनगर-४ की ६२ वर्षीय पद्मा पौडेललाई घरमै आक्रमण गर्दा उनको मृत्यु भएको थियो भने केही महिनायता व्यापक मात्रामा अन्न र फलफूल बालीमा क्षति पुर्‍याइरहेको छ ।

हात्तीका कारण स्थानीयवासीले असुरक्षा महसुस गरेपछि झापा निर्वाचन क्षेत्र नं १ की प्रतिनिधिसभा सदस्य निशा डाँगीले प्रधानमन्त्री बालेन्द्र शाहलाई भेटेर स्पेसल टास्कफोर्स खटाउन माग गरेकी थिइन् । सांसद डाँगीले बाहुनडाँगीमा हात्ती नियन्त्रणका लागि सुरक्षाकर्मीको स्पेसल टास्कफोर्स परिचालन हुने प्रतिबद्धता जनाएकी थिइन् ।

प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले सशस्त्र प्रहरी, नेपाल प्रहरी र वन सुरक्षाकर्मी संलग्न स्पेसल टास्कफोर्स परिचालन गरिने बताए । उनले केही सुरक्षाकर्मी हात्ती नियन्त्रणमा परिचालन भइसकेका जानकारी दिए । नेपाल प्रहरी र सशस्त्र प्रहरी दुवैको बाहुनडाँगी क्षेत्रमा सुरक्षा चौकी छन् । बाहुनडाँगी बजार, तिरिङ र नकलबन्दा सीमा क्षेत्रमा सशस्त्र प्रहरीको बिओपी र नेपाल प्रहरीको चौकी छ ।

स्पेसल टास्कफोर्समा परिचालित सुरक्षाकर्मी स्थानीयवासीको सुरक्षार्थ राति र दिउँसो गस्ती गर्ने, हात्ती धपाउने र आवश्यकताअनुसार जुनसुकै बेला पनि परिचालन हुने सशस्त्र प्रहरी बल नम्बर २ गणका सूचना अधिकारी पोखरेलले बताए । हात्ती नियन्त्रणका लागि परिचालित प्रहरीको टोली बाहुनडाँगीस्थित ब्यारेकमा बसेको छ । 'अहिले खटिएकाहरूका लागि छुट्टै ब्यारेकको व्यवस्था छैन,' उनले भने, 'बाहुनडाँगी ब्यारेकमा बस्ने व्यवस्था गरेका छौं ।'

जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी रञ्जन अवाले बाहुनडाँगीमा पहिल्यैदेखि नेपाल प्रहरीको जनशक्ति तैनाथ रहेको जनाउँदै हात्ती नियन्त्रणका लागि भनेर जनशक्ति थप नगरिएको बताए । मेचीनगर-४ का सन्तोष सुवेदीले बाहुनडाँगी क्षेत्रमा हात्ती नियन्त्रणका लागि १० जना थप जनशक्ति आइपुगेको जनाउँदै उनीहरूले स्थानीय युवाको द्रूत परिचालन टोलीसँग समन्वय गरिरहेको बताए । *रासस*

# गण्डकी प्रदेशमै उत्कृष्ट बन्यो गलकोट नगर अस्पताल

**गलकोट (बागलुङ)–** बागलुङको गलकोट नगर अस्पतालले न्यूनतम सेवा मापदण्ड सूचकमा गण्डकी प्रदेशमै उत्कृष्ट घोषणा भएको छ । न्यूनतम सेवा मापदण्ड सूचक (एमएसएस) मूल्यांकनमा पालिकास्तरका अस्पतालमा सबैभन्दा बढी अंक प्राप्त गरेको हो ।





गण्डकी प्रदेशभरिका स्थानीय तहबाट सञ्चालित आधारभूत अस्पतालहरूमध्ये गण्डकी प्रदेशमै ७१ प्रतिशत अंक प्राप्त गरी प्रथम स्थान हासिल गरेको अस्पतालका प्रमुख डा. राजेश पौडेलले बताए । सुशासन तथा व्यवस्थापन, क्लिनिकल सेवा व्यवस्थापन, स्वास्थ्य संस्था सहयोग व्यवस्थापनलगायत विभिन्न सूचकका आधारमा गरिएको मूल्यांकनमा अस्पतालले कूल ७१ प्रतिशत प्राप्तांक हासिल गरेको उनले जानकारी दिए ।

अस्पतालको जग्गा व्यवस्थापन, भवन, फोहोर व्यवस्थापन, अस्पतालको सेवा सुविधालगायत विवरणअनुसार अस्पतालले सेवा प्रवाह, संस्थागत व्यवस्थापन र स्वास्थ्य सेवाको गुणस्तर सुधारमा उल्लेखनीय प्रगति हासिल गरेको छ । स्थानीय तहको स्वास्थ्य प्रणालीलाई थप प्रभावकारी र सेवामुखी बनाउन अस्पतालले निरन्तर सुधारका प्रयासमा यो नतिजाले थप हौसला प्रदान गरेको डा. पौडेलको भनाइ छ ।

अस्पताल प्रशासनले आगामी दिनमा सेवा प्रवाहलाई अझ प्रभावकारी, उत्तरदायी र नागरिकमैत्री बनाउँदै डा. पौडेलले उपलब्धिलाई निरन्तरता दिने प्रतिबद्धता गर्दै गलकोट नगरपालिकाको पनि सहयोग रहेको उल्लेख गरे । *रासस*

# धनगढीका विद्यालय चार दिन बिदा

**कैलाली (प्रस)–** केही दिनदेखि गर्मी अत्यधिक बढेपछि धनगढी उपमहानगरपालिकाले सामुदायिक तथा संस्थागत विद्यालय चार दिनका लागि बिदा दिने निर्णय गरेको छ । बढ्दो गर्मीका कारण विद्यार्थीहरूको स्वास्थ्यमा प्रतिकूल असर पर्न सक्ने सम्भावनालाई मध्यनजर गर्दै उपमहानगरले सामुदायिक तथा संस्थागत विद्यालयमा चार दिन बिदा दिने निर्णय गरेको हो ।

गर्मीका कारण विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमा विभिन्न स्वास्थ्य समस्या देखिन सक्ने सम्भावना रहेकाले त्यसको प्रतिकूल असरबाट बच्न र सुरक्षित रहन धनगढीभित्रका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयमा यही असार ९ गतेदेखि १२ गतेसम्म पठनपाठन स्थगित गर्ने निर्णय भएको उपमहानगरपालिका, शिक्षा शाखाद्वारा जारी सूचनामा उल्लेख छ ।


## मलेसियामा रोजगार

कम्पनी : ZMZ SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०७/०२ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०३/०८ | LT. No. 332706 | चलानी नं. ६०२४६३५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 7 | 0 | 1700 | ६१,७७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १६ गते (30th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ११९७/०७३/०७४

SWIFT H.R. SOLUTION PVT. LTD.
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com



## साउदीमा रोजगार

कम्पनी : TOUCH, TASTE AND SWEETNESS FOUNDATION

पूर्व स्वीकृति मिति : २०८३/०३/०८ | LT. No. 343783 | चलानी नं. ६०२५७०७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CHEF | 1 | 0 | 1500 | ६०,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MAZAD AYEDH AL-MALIKI SUPPLIES FOR FOODSTUFFS

पूर्व स्वीकृति मिति : २०८३/०३/०८ | LT. No. 343814 | चलानी नं. ६०२५७१२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Shelves Packing Worker | 2 | 0 | 1400 | ५६,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १६ गते (30th Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

इंप.नं.११४२/०७३/०७४

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
Srijanshil Marg, Basundhara, Kathmandu, Nepal, Contact : Mazid (9813048931), E-mail : alkausar.hrm@gmail.com



## साउदी/युएइमा रोजगारको अवसर

Free Visa!! Free Ticket!!

कम्पनी : A BRANCH OF THE HEAVY ENGINEERING INDUSTRIES AND SHIPBUILDING COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०३/०८ | LT. No. 343621 | चलानी नं. ६०२५७०९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labours | 80 | 0 | 1460 | ५८,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : CONTINENTAL SHARJAH FOODS SOLE PROPRITORSHIP L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०३/०८ | LT. No. 343813 | चलानी नं. ६०२५७१२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 2 | 0 | 1100 | ४५,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Arabic Coffee Make | 9 | 8 | 2200 | ९०,७२५ | | | | | | | |
| 3 | Baker Chef | 0 | 3 | 2200 | ९०,७२५ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार १६ गते (30th Jun. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने | भिषा शुल्क कसले दिने | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो संग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

VISION & VALUE OVERSEAS PVT. LTD.
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450,
Tribhuban Sen Mobile No. 9767659355, E-mail : apply@vnvnepal.com | URL: www.vnvnepal.com

श्रम ईजाजत नं. ८२२/०६६/०६७

प्रभाव दैनिक

रूपशाला

**'झिंगे दाउ २' असोजमा प्रदर्शन हुने**

फिल्म 'झिंगे दाउ २' आगामी असोजमा प्रदर्शन हुने भएको छ । निर्माण युनिटले फिल्मको तिनि पोस्टर एकसाथ सार्वजनिक गर्दै प्रचार प्रसार समेत थालेको छ । ज्ञानेन्द्र देउजाको निर्देशनमा तयार भएको यो फिल्ममा सुलभ प्रतीक, प्रतीक देउजा, समीक्षा देउजाको लगानी छ । सार्वजनिक तीन नयाँ पोस्टर मध्य एकमा केकी अधिकारी र आँचल शर्मा हर्षित मुद्रामा छन् । यता, हिउँवाला गौतम, महेश त्रिपाठी र कुशलको भावुक अनुहार देख्न सकिन्छ ।



मंगलबार, ९ असार २०८३ (Tuesday, 23 June 2026)

# नवौं निम अवार्ड सम्पन्न



■ प्रभाव संवाददाता

**काठमाडौं–** पावर ईन्टरनेशन मिडिया नेपाल (पिम नेपाल) को आयोजना एवम् ईरा प्रोडक्सनको व्यवस्थापनमा नवौं संस्करणको राष्ट्रिय समावेशी म्युजिक अवार्ड (निम अवार्ड) २०२६ भव्य रूपमा सम्पन्न भएको छ । उक्त समारोहमा नेपाली चलचित्र तथा गीत संगीतको क्षेत्रमा उल्लेखनिय योगदान दिएका कलाकार, सर्जक तथा श्रष्टाहरूलाई अवार्ड, सम्मान तथा पुरस्कार प्रदान गरिएको थियो ।

नेपाली कलाकारिता क्षेत्र तथा समाजिक क्षेत्रका लब्धप्रतिष्ठित व्यक्तित्वहरूको उपस्थिति एवम् विशिष्ठ चलचित्र निर्देशक तथा पिम नेपालका सल्लाहकार मोहन निरौलाको सभापतित्व र चलचित्र बिकास बोर्डका अध्यक्ष दिनेश डि.सी. को प्रमुख आतिथ्यतामा उक्त कायक्रम सम्पन्न भएको थियो । समारोहमा दिग्गज गायिका देविका बन्दना 'रजत साधना सम्मान २०८२' बाट सम्मानित भएकी छन् । नेपाली गायन क्षेत्रमा लामो समयदेखि क्रियाशिल गायिका बन्दना उक्त सम्मानद्वारा सम्मानित भएकी हुन् ।

कार्यक्रममा बरिष्ठ अभिनेत्रीत्रय बसुन्धरा भुषाल, भुवन चन्द, चैतदेवी, चलचित्र बिकास बोर्डका अध्यक्ष दिनेश डिसी, दिग्गज कलाकार मोहन निरौला लगायतले बन्दनालाई फूलमाला, खादा र सम्मान पत्रले सम्मान गरे ।

सो समारोहमा बरिष्ठ गीतकार सुरेश घिमिरे 'बिशिष्ट गीतकार सम्मान २०८२', शिखर जंगम श्रेष्ठ 'संगीत पत्रकारिता पुरस्कार २०८२', कृष्णदेव रूपाखेती निर्देशक 'दिग्दर्शन साधाना सम्मान २०८२', महेश राज थापा 'सामाजिक ब्यक्तित्व सम्मान २०८२', विनोद देवकोटा 'पत्रकारिता सम्मान २०८२', छायांकार सालिकराम दुलाल 'कला सम्मान २०८२', दिपा थापा 'पिम नेपाल शिक्षा सम्मान २०८२', सचिन भट्टराई 'युवा कलाकारिता सम्मान २०८२', रणजित कुमार झा 'पिम नेपाल संगीतकर्मी सम्मान २०८२', सुनिता कुवँर 'पिम नेपाल कला सम्मान २०८२' बाट सम्मानित भएका थिए ।

माधवराज खरेल अध्यक्ष, कमला जोशी संयोजक रहेको कार्यक्रमको निर्देशक सनम कठायत थिए । अवार्डको जुरी सदस्यमा सन्तोष श्रेष्ठ, जुगल डंगोल, विजयरत्न तुलाधर, साहस शाक्य, प्रकाश मिश्र, रमेश दाहाल र आशा भुसाल थिए । विविध भाषाका गीतसंगीतलाई एउटै मञ्चमा सम्मान गर्ने उद्देश्यसहित आयोजना भएको 'राष्ट्रिय समावेशी म्युजिक अवार्ड (निम अवार्ड) २०२६' मा नेपाली भाषाका साथमा नेपालमा बोलिने भोजपुरी/मैथली, नेपाल भाषा, तामाङ, थारु, डेउडा लगायतका विविध भाषा तथा भाकाका गीत तथा भिडियोहरूलाई विभिन्न ३० विधासहित पपुलर, जुरी र ईनकरेजमेन्ट अवार्ड प्रदान गरिएको थियो ।

## यी हुन् अवार्ड विजेता

**सर्वोत्कृष्ट राष्ट्रिय भाव**
पुरण क्षेत्रीः धर्तीको छानो
**सर्वोत्कृष्ट गजल**
डि.पी. खनालः बेकार
**सर्वोत्कृष्ट पप गायन**
अनन्त अजयः अनन्त दर्पण
**सर्वोत्कृष्ट गीतकार पुरुष (सुगम संगीत)**
डा. रूद्रनाथ अधिकारीः आमा
**सर्वोत्कृष्ट गीतकार महिला (सुगम संगीत)**
गीता अधिकारीः माटोको सुगन्ध
**सर्वोत्कृष्ट संगीतकार (सुगम संगीत)**
शंकर थापा"स्माईल": बेहाल
**सर्वोत्कृष्ट गायक (सुगम संगीत)**
ईन्द्र आरपिः गारो लाउन
**सर्वोत्कृष्ट गायिका (सुगम संगीत)**
बबिता मानन्धरः कलियुगकि राधा
**सर्वोत्कृष्ट नवप्रतिभा गायन**
विपना शाक्यः तिम्रो याद
**सर्वोत्कृष्ट लोक दोहोरी शब्द**
प्राजन बस्नेत : परदेश
**सर्वोत्कृष्ट लोक दोहोरी लय**
ऋषि खड्काः परदेशी हुन मन छैन
**सर्वोत्कृष्ट लोक दोहोरी गायक**
सञ्जय थापा मगरः गलबन्दी र पच्छेउरी
**सर्वोत्कृष्ट लोक दोहोरी गायिका**
देवी घर्तीः खोली सलल
**सर्वोत्कृष्ट युगल गायन**
शर्मिला वर्देवा/डेभिड शंकरः कश्मिर गाम्चा
**सर्वोत्कृष्ट मौलिक/भाषाभाषि गीत**
निर्मला घिसिङः जानमाया (तमाङ)
**सर्वोत्कृष्ट डायस्पोरा (सर्जक/स्रष्टा) संगीतकार**
जीवन शर्माः माटोको सुगन्ध
**सर्वोत्कृष्ट डायस्पोरा (सर्जक/स्रष्टा) गीतकार**
सक्रिय श्रेष्ठः गारो लाउन
**सर्वोत्कृष्ट डेउडा भाका गीत**
महादेव भट्टः मेरी पुट्क्यौली
**सर्वोत्कृष्ट नेपाल भाषा गीतकार**
मचाकाजी महर्जनः वनेनु रे
**सर्वोत्कृष्ट नेपाल भाषा संगीतकार**
गुजय मालाकारः झिगु नगदे
**सर्वोत्कृष्ट नेपाल भाषा गायन**
राज कुमार मानन्धरः कागती पाउँसे च्वङ
**सर्वोत्कृष्ट मैथली/भोजपुरी गीत**
रहमान खानः कैले बद्नाम पगली
**सर्वोत्कृष्ट म्यूजिक भिडियो निर्देशन**
राहुल शाहः ओ प्रियसी
**सर्वोत्कृष्ट म्यूजिक भिडियो छायाँकार**
स्मेश थापाः चाहिँदैन सम्पती
**सर्वोत्कृष्ट म्यूजिक भिडियो मोडल (पुरुष)**
आर्यन सिग्देलः बानी
**सर्वोत्कृष्ट म्यूजिक भिडियो मोडल (महिला)**
सृष्टि खड्काः परदेश
**सर्वोत्कृष्ट म्यूजिक भिडियो नवमोडल (महिला)**
उपाशना पाठकः नयन
**सर्वोत्कृष्ट म्यूजिक भिडियो नवमोडल (महिला) डेउडा**
सन्जिवनी खनालः पिरिमका खेल
**सर्वोत्कृष्ट म्यूजिक भिडियो नवमोडल (पुरुष)**
आरभ उप्रेतीः खेलौं खेलौं
**सर्वोत्कृष्ट नेपाल भाषा भिडियो**
रामकृष्ण खड्गीः ध्यवा
**सर्वोत्कृष्ट मैथली/ भोजपुरी भिडियो**
बद्रि साहः गजब के रोग
**सर्वोत्कृष्ट फेशन डिजाईनर**
शम्भु पुरी : वारी बर पारी पिपलु
**सर्वोत्कृष्ट संगीतकार (सुगम संगीत) पपुलर**
राजेन्द्र बजागाईः पुतली
**सर्वोत्कृष्ट लोक दोहोरी गायिका (पपुलर)**
सुष्मा शाही ठकुरीः दर्याम दर्याम
**सर्वोत्कृष्ट गीतकार पुरुष (सुगम संगीत) जुरी**
भोलानाथ पाठकः राधिका
**सर्वोत्कृष्ट गायक (सुगम संगीत) जुरी**
राम भण्डारीः सपना देखाई कोही
**सर्वोत्कृष्ट गायिका (सुगम संगीत) जुरी**
मनमाया पंगेनीः सप्तरंगी फुल
**सर्वोत्कृष्ट म्यूजिक भिडियो निर्देशन (जुरी)**
पुजा ठकुरीः दुर देखी आएँ प्रिय
**सर्वोत्कृष्ट म्यूजिक भिडियो मोडल (पुरुष) जुरी**
प्रज्वलराज भट्टः दिल आफ्नै थियो
**सर्वोत्कृष्ट म्यूजिक भिडियो नवमोडल (महिला) जुरी**
सपना क्षेत्रीः एकै पल पनि
**सर्वोत्कृष्ट डेउडा भाका गीत गायन (ईन्करेजमेन्ट)**
प्रमोद डि.जी.: स्मस्या पातली सुवा
**सर्वोत्कृष्ट म्युजिक भिडियो सम्पादक (ईन्करेजमेन्ट)**
आयुसा गौतमः चरित्र

# कमाईमा चलचित्र 'लालीबजार' सबैभन्दा अघि




**काठमाडौं–** चलचित्र विकास बोर्डले हाल चलचित्र भवनमा प्रदर्शनरत नेपाली चलचित्रले गरेको कमाइको विवरण सार्वजनिक गरेको छ ।

बोर्डले एक सूचना जारी गर्दै यही असार ७ गतेसम्म 'सिनेपा २ बक्सअफिस' मा उल्लेख भए अनुसारको विवरण सार्वजनिक गरेको हो । उक्त विवरणअनुसार यसवर्ष हालसम्म प्रदर्शित चलचित्रमध्ये सबैभन्दा बढी कमाइ चलचित्र 'लालीबजार' ले गरेको गरेको छ ।

बोर्डले सार्वजनिक गरेको तथ्यांकअनुसार चलचित्र 'लालीबजार' ले नेपालमा रु नौ करोड २८ लाख १४ हजार ५०५ कमाइ गरेको छ । अभिनेत्री स्वस्तिमा खड्काको केन्द्रीय भूमिका रहेको चलचित्र 'लालीबजार' को सोही अवधिमा तीन लाख १५ हजार ७१४ टिकट बिक्री भएका छन् ।

गत वैशाख २५ गतेदेखि नेपालभरका चलचित्र भवनमा प्रदर्शनमा आएको उक्त चलचित्रले घरेलु बजारमा २०८३ सालमा प्रदर्शन भएका सबै चलचित्रको तुलनामा आफूलाई निकै अगाडि उभ्याउन सफल भएको छ । उक्त चलचित्रमा अभिनेता रवीन्द्रसिंह बानियाँ, समाइरा थापा, मुकुन्दकुमार श्रेष्ठ, अभय बराल, विशाल देवकोटा, प्रसंशा सुवेदीलगायतका कलाकारको अभिनय रहेको छ ।

गत जेठ १५ गते प्रदर्शन भएको चलचित्र 'रोल नम्बर १' ले रु एक करोड ५५ लाख ४६ हजार ६६८ कमाइ गरेको छ । जोन योञ्जनको निर्देशनमा तयार भएको उक्त चलचित्रका लागि कूल ५७ हजार १३२ टिकट बिक्री भएका छन् । उक्त चलचित्रमा मुकुन भुसाल, शुशाङ्क मैनाली, रेणु योगी, एवनराज उप्रेती, सिर्जना अधिकारी, निर्भिक रेग्मी, रिञ्चेन लामा, संयम कटुवाल, सिजल श्रेष्ठलगायतका कलाकारले अभिनय गरेका छन् ।

यस्तै, गत जेठ १५ नै प्रदर्शन भएको चलचित्र 'कुम्भ' यसवर्ष अहिलेसम्म प्रदर्शित चलचित्रमध्ये सबैभन्दा कम व्यापार गर्नेमा परेको छ । उक्त चलचित्रले आइतबार बेलुकीसम्म रु चार लाख २५ हजार ८८५ कमाइ गरेको छ । रणधीर श्रेष्ठले निर्देशन गरेको उक्त चलचित्रका लागि कूल एक हजार ८१५ टिकट बिक्री भएका छन् । चलचित्र 'कुम्भ' मा अशोक आर्यन, सुनिल थापा, सुशील पोखरेल, रोहित रुम्बा, सृष्टि खड्का, अफ्सना थापालगायत कलाकारहरूको अभिनय रहेको छ ।

बोर्डअन्तर्गतको 'सिनेपा २ बक्सअफिस' मा रहेको सार्वजनिक तथ्यांकअनुसार यसवर्ष प्रदर्शन भएका चलचित्रमध्ये सबैभन्दा बढी कमाइ गर्ने चलचित्र 'लालीबजार' देखिएको छ । चलचित्र विकास बोर्डले प्रत्येक सोमबार नेपाली चलचित्रले गरेको कमाइको विवरण सूचनामार्फत आधिकारिक रूपमा सार्वजनिक गर्ने गरेको छ । *रासस*




# केप भर्दे चम्किँदा, उरुग्वे संकटमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** पहिलो पटक विश्वकप खेलिरहेको केप भर्देले उत्कृष्ट खेल खेल्दा पूर्वविश्व विजेता उरुग्वे संकटमा परेको छ ।

गत साता प्रतियोगिताको दाबेदार एवं पूर्व विश्वविजेता स्पेनलाई गोलरहित बराबरीमा रोक्दै सबैलाई चकित पारेको सानो अफ्रिकी राष्ट्रले आइतबार फेरि अर्को ठूलो टोलीविरुद्ध प्रभावशाली प्रदर्शन गऱ्यो । यसपल्ट भने दुई पटकको विश्व च्याम्पियन उरुग्वेलाई २-२ को बराबरीमा रोक्दै विश्व फुटबलमा शानदार उपस्थिति जनाएको छ ।

खेलको २१औं मिनेटमा केभिन पिनाले फ्रिकिकमार्फत विश्वकपमा केप भर्डेको पहिलो गोल गर्दै टोलीलाई अग्रता दिलाए । पछि हेलियो भारेलाले दोस्रो हाफमा बराबरी गोल गर्दै टोलीलाई महत्वपूर्ण एक अंक दिलाए । ४८ टोली सहभागी यस विस्तारित विश्वकपमा केप भर्डे अहिले नकआउट चरण पुग्ने सम्भावना बोकेको सबैभन्दा आश्चर्यजनक टोलीमध्ये एक बनेको छ ।

पहिलो हाफको अन्त्यतिर म्याक्सी अराउजो र अगस्टिन कानोब्बियोले गोल गर्दै उरुग्वेलाई २-१ को अग्रता दिलाएका थिए । तर, दोस्रो हाफमा मैदान प्रवेश गरेको केही मिनेटमै हेलियो भारेलाले उरुग्वेका डिफेन्डर माथियास ओलिभेराको गलत पासको फाइदा उठाउँदै खाली पोस्टमा गोल गरे । योसँगै खेल २-२ को बराबरीमा पुऱ्याए ।

केपले अन्तिम खेलमा साउदी अरेबियाको सामना गर्दैछ । तुलनात्मक रूपमा समूहमा कमजोर टोली मानिएको साउदीविरुद्ध जित हात पारेमा शानदार अंकसहित उरुग्वे नकआउट चरणमा पुग्नेछ ।



### साउदीविरुद्ध स्पेन विजयी

स्पेनले २०२६ विश्वकपमा उत्कृष्ट प्रदर्शन गर्दै साउदी अरेबियामाथि ४-० को सानदार जित दर्ता गरेको छ । प्रतियोगिता सुरु हुनुअघि उपाधिको प्रमुख दाबेदार मानिएको स्पेनले अघिल्लो खेलमा केप भर्डेसँग गोलरहित बराबरी खेलेर निराश बनाएको थियो । तर, यसपटक लामिन यमलले खेलको १०औं मिनेटमै गोल गर्दै स्पेनलाई अग्रता दिलाए ।

विश्वकपमा यो उनको पहिलो गोल हो । त्यसपछि मिकेल ओयार्जाबालले २१ र २औं मिनेटमा दुई गोल थप्दै टोलीको जित सुनिश्चित गरे । साउदीका हसन अल ताम्बाक्तीको आत्मघाती गोलले स्पेनको जितलाई अझ फराकिलो बनायो । यो जितसँगै स्पेनले समूह चरणमा बलियो पुनरागमन गरेको छ । अब स्पेनले समूहको शीर्ष स्थान हासिल गर्ने लक्ष्यसहित उरुग्वेविरुद्ध प्रतिस्पर्धा गर्नेछ ।

### ९२ वर्षमा इजिप्टको पहिलो जित

मोहम्मद सलाहको निर्णायक गोलको मद्दतमा इजिप्टले न्युजिल्यान्डलाई ३-१ ले पराजित गर्दै विश्वकप इतिहासकै पहिलो जित दर्ता गरेको छ ।

क्यानडाको भ्यानकुभरस्थित बीसी प्लेस स्टेडियममा भएको खेलमा सलाहले ६७औं मिनेटमा गोल गर्दै इजिप्टलाई अग्रता दिलाए । राष्ट्रिय टोलीका लागि उनको यो ६८औं अन्तर्राष्ट्रिय गोल थियो । यस जितसँगै इजिप्ट समूह 'जी' को शीर्ष स्थानमा उक्लिएको छ । अब इजिप्टले शुक्रबार इरानसँग निर्णायक खेल खेल्नेछ । यो खेलमा कम्तीमा बराबरी नतिजा आवश्यक हुनेछ ।

खेलको १५औं मिनेटमा न्युजिल्यान्डले अग्रता लिएको थियो । इन्स्टाग्राममा चर्चित खेलाडी टिम पेयनको कर्नर पासमा फिन सुरम्यानले हेडमार्फत गोल गर्दै टोलीलाई १-० को अग्रता दिलाए । एमएलएस क्लब पोर्टल्यान्ड टिम्बर्सका डिफेन्डर सुरम्यानको यो अन्तर्राष्ट्रिय फुटबलमा तेस्रो गोल थियो ।

दोस्रो हाफ सुरु भएपछि इजिप्टले दबाब बढायो । ५८औं मिनेटमा मोस्तफा जिकोले उत्कृष्ट हेडमार्फत बराबरी गोल गर्दै खेल १-१ मा ल्याए । त्यसपछि जिकोको ब्याक-हिल पासमा सलाहले सुन्दर फिनिसिङ गर्दै इजिप्टलाई २-१ को अग्रता दिलाए । ८२औं मिनेटमा ट्रेजेगेटले डाइभिङ हेडरमार्फत तेस्रो गोल थप्दै इजिप्टको जित सुनिश्चित गरे । पहिलो खेलमा इजिप्टले बेल्जियमसँग १-१ को बराबरी खेलेको थियो । न्युजिल्यान्डले आफ्नो पहिलो खेलमा इरानसँग २-२ को बराबरीमा रोकिएको थियो ।

समूहको अर्को खेलमा इरान र बेल्जियमले गोलरहित बराबरी खेलेका छन् । दुवै टोलीले प्रतियोगितामा लगातार दोस्रो बराबरी खेलेका हुन् । अब न्युजिल्यान्डले बेल्जियमसँग प्रतिस्पर्धा गर्नेछ ।

# 'काँक्रेविहार हाफ म्याराथन'को उपाधि जुम्लाका रोकायलाई

■ प्रभाव संवाददाता

**कर्णाली–** 'काँक्रेविहार राष्ट्रिय हाफ म्याराथन' प्रतियोगिताको उपाधि जुम्लाका राजन रोकायले हात पारेका छन् । कर्णाली प्रदेश खेलकुद विकास परिषद्को सहयोग र मिड वेस्टर्न फिटनेस सेन्टर सुर्खेतद्वारा आयोजित प्रतियोगितामा रोकायले निर्धारित २१ किलोमिटरको दूरी एक घण्टा नौ मिनेट ३१ सेकेण्डमा पूरा गर्दै पहिलो भएका हुन् ।

उक्त दौडमा कालिकोटका विनोद रोकाय दोस्रो भए । उनले उक्त दूरी एक घण्टा नौ मिनेट ३९ सेकेण्ड र तेस्रो भएका एपिएफका गोपीचन्द्र पार्कीले एक घण्टा १० मिनेट २८ सेकेण्डमा उक्त दूरी पार गरे । आयोजकका अनुसार पहिलो, दोस्रो र तेस्रो हुनेलाई क्रमशः रु एक लाख ५० हजार, रु ७५ हजार र रु ५० हजार नगद प्रदान गरियो ।

महिलातर्फको खुला १० किलोमिटर दौड प्रतियोगितामा धादिङकी सन्तोषी श्रेष्ठ प्रथम भइन् । उनले ३६ मिनेट ४० दशमलव ६० सेकेण्डमा निर्धारित दूरी पार गरिन् । कूल ३७ मिनेट ३ दशमलव ११ सेकेण्डमा सो दूरी पार गरी जुम्लाकी पूर्णलक्ष्मी न्यौपाने दोस्रो र ३९ मिनेट २८ दशमलव ८८ सेकण्डमा निर्धारित दूरी पार गरी बाजुराकी सिर्जना पाण्डेले तेस्रो भए । पहिलो, दोस्रो र तेस्रो हुनेलाई क्रमशः रु ५० हजार, रु २५ हजार र रु १५ हजार नगदसहित प्रमाणपत्र प्राप्त गरियो ।

पाँच किलोमिटर छात्रातर्फको दौड प्रतियोगितामा सुर्खेतकी कृष्णा रानाले जितिन् । उनले २० मिनेट ३४ दशमलव २ सेकेण्डमा दूरी पार गरिन् । जुम्लाकी अन्तिमा बुढा दोस्रो भइन् । उनले २० मिनेट ४५ दशमलव ५४ सेकेण्ड र तेस्रो भएकी बाँकेकी स्वस्तिका शाहीले २१ मिनेट २३ दशमलव २५ सेकेण्डमा निर्धारित दूरी पार गरिन् । प्रतियोतितामा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः रु १० हजार, रु पाँच हजार र तीन हजार नगदसहित प्रमाणपत्र प्रदान गरिएको थियो ।

पाँच किलोमिटर दौडमा छात्रतर्फ कालिकोटका अनिल शाही पहिलो भए । उनले १५ मिनेट ३६ दशमलव १ सेकेण्डमा दूरी पार गरे । दोस्रो भएका जुम्लाका युवकराज बुढाले शाहीले १५ मिनेट ३६ दशमलव ३ सेकेण्ड र तेस्रो भएका सुर्खेतका भुवन चालिसेले १६ मिनेट ४३ दशमलव ३ सेकेण्डमा उक्त दूरी पार गरे । पहिलो, दोस्रो र तेस्रो हुनेले क्रमशः रु १० हजार, रु पाँच हजार र रु तीन हजार नगदसहित प्रमाणपत्र पाए ।

त्यस अवसरमा वीरेन्द्रनगर नगरपालिकाका प्रमुख मोहनमाया ढकालले खेल क्षेत्रमा कर्णालीको उल्लेख्य प्रगति हुँदै गएको बताइन् । उनले पछिल्लो समयमा कर्णाली खेल क्षेत्र आकर्षणको केन्द्र बन्दै गएको र प्रदेश तथा स्थानीय सरकारले यसमा जोड दिएको बताइन् । 'दौडिन्छ कर्णाली' भन्ने मूल नारासहित आयोजित प्रतियोगितामा सेन्टरका पूर्वनिर्देशक प्रमोद हमालले कर्णाली प्रदेशका उदयीमान धावकलाई राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्ने अवसर प्रदान गर्नुका साथै प्रदेशको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको बताए ।



सोमबार भारतको जम्मूस्थित एक मन्दिरमा वार्षिक खीर भवानी मेलामा फूल चढाउँदै कश्मीरी हिन्दू आप्रवासी महिलाहरू । *तस्बिरः एपी*

# कतारको ग्यास टर्मिनल विष्फोट, ५४ जना घाइते, १८ बेपत्ता

**दुबई–** कतारको प्रमुख प्राकृतिक ग्यास निर्यात केन्द्रमा पुनः सञ्चालनको तयारी भइरहेका बेला आइतबार राति भएको शक्तिशाली विष्फोट र आगलागीमा ५४ जना घाइते भएका छन् भने १८ जना अझै बेपत्ता रहेका छन् ।

घटनाले विश्व ऊर्जा बजारमा थप अनिश्चितता सिर्जना गरेको छ । विश्वका प्रमुख प्राकृतिक ग्यास उत्पादक राष्ट्रहरूमध्ये एक कतारको उत्पादन र आपूर्ति प्रणाली प्रभावित भएपछि यसको असर अन्तर्राष्ट्रिय ऊर्जा बजारमासमेत पर्न सक्ने देखिएको छ ।

कतारको आन्तरिक मन्त्रालयका अनुसार राजधानी दोहाबाट करिब ८० किलोमिटर उत्तरमा रहेको रास लाफान औद्योगिक क्षेत्रमा प्राविधिक गडबडीका कारणले विष्फोट भएको हो । उक्त क्षेत्र कतारको प्राकृतिक ग्यास निर्यातको प्रमुख केन्द्रका रूपमा परिचित छ । युद्धका क्रममा इरानको आक्रमणपछि प्रभावित बनेको उक्त क्षेत्रमा कामदारहरू मर्मत तथा पुनःसञ्चालनको काममा जुटिरहेका थिए ।

कतार इनर्जीका अनुसार बार्जान ग्यास आपूर्ति केन्द्रमा भएको विष्फोटपछि आगलागी फैलिएको थियो । प्रारम्भिक विवरणमा केही व्यक्तिमात्र घाइते भएको जनाइएको भए पनि केही घण्टापछि कतारको गृह मन्त्रालयले घाइतेको संख्या उल्लेखनीयरूपमा बढेको पुष्टि गरेको छ । बेपत्ता व्यक्तिहरूको खोजी तथा उद्धार कार्य जारी रहेको अधिकारीहरूले बताएका छन् ।

विष्फोटबाट भएको क्षतिको पूर्ण विवरण यो समाचार तयार पार्दासम्म सार्वजनिक गरिएको छैन । यद्यपि, उक्त घटनाले कतारको ऊर्जा पूर्वाधारमा पुनः गम्भीर असर पारेको आशंका गरिएको छ ।

इरानले हर्मुज जलघाँटीमा आफ्नो नियन्त्रण कडा बनाएपछि कतारले केही समयअघि ग्यास उत्पादन र निर्यात गतिविधि रोकेको थियो । त्यसका कारण आफ्ना अन्तर्राष्ट्रिय ग्राहकसम्म ग्यास आपूर्ति गर्न कठिन भएपछि उत्पादन स्थगित गरिएको थियो । पछिल्लो समय युद्ध अन्त्यका लागि कूटनीतिक प्रयास अगाडि बढ्दै जाँदा इरानले जलघाँटीमा आफ्नो नियन्त्रण केही खुकुलो पारेपछि कतारले पुनः निर्यात सञ्चालन गर्ने तयारी थालेको थियो ।



बार्जान ग्यास प्लान्टको दैनिक उत्पादन क्षमता करिब एक अर्ब ४० करोड मानक घनफिट बिक्रीयोग्य ग्यास रहेको थियो । उक्त ग्यास मुख्यतः घरेलु विद्युत् उत्पादन तथा अरब प्रायद्वीपका मरुभूमि क्षेत्रमा सञ्चालन हुने महत्त्वपूर्ण पानी प्रशोधन तथा डिसेलिनेसन केन्द्रहरू सञ्चालन गर्न प्रयोग हुँदै आएको छ ।

उक्त प्लान्टको अधिकांश स्वामित्व कतारसँग रहेको छ भने अमेरिकी ऊर्जा कम्पनी एक्सोनमोबिलको पनि सानो हिस्सेदारी रहेको छ । घटनापछि कम्पनीसँग प्रतिक्रिया मागिए पनि तत्काल कुनै प्रतिक्रिया प्राप्त हुन सकेन ।

यसअघि मार्च महिनामा इरानले प्रहार गरेको एक क्षेप्यास्त्र रस लाफान क्षेत्रमा खसेर ठूलो आगलागी भएको थियो । अधिकारीहरूका अनुसार त्यस घटनाले व्यापक क्षति पुऱ्याएको थियो । त्यही आक्रमणपछि कतारले उक्त क्षेत्रमा उत्पादन गतिविधि रोक्न बाध्य भएको थियो ।

कतार र इरानले पर्सियन खाडीमा अवस्थित विशाल अपतटीय प्राकृतिक ग्यास क्षेत्र साझा गर्दै आएका छन् । यही प्राकृतिक ग्यास भण्डारले कतारलाई विश्वकै धनी राष्ट्रहरूमध्ये एक बनाएको छ । ऊर्जा आम्दानीकै आधारमा कतारले सन् २०२२ को फिफा विश्वकप आयोजना गरेको थियो भने अल जजिरा समाचार सञ्जालको स्थापना तथा विभिन्न अन्तर्राष्ट्रिय कूटनीतिक मध्यस्थतामा पनि सक्रिय भूमिका निर्वाह गर्दै आएको छ ।

हालको विष्फोटले कतारको ऊर्जा उत्पादन, निर्यात क्षमता र विश्व ग्यास बजारको आपूर्ति प्रणालीमा थप दबाब सिर्जना गर्ने विश्लेषण गरिएको छ । युद्धपछिको पुनःस्थापनाको प्रयास भइरहेका बेला भएको यो दुर्घटनाले क्षेत्रीय अस्थिरताको असर ऊर्जा पूर्वाधारमा अझै कायम रहेको संकेत गरेको छ । *रासस/एपी*

# अमेरिकी कम्पनीमाथि चीनको प्रतिबन्ध

**बेइजिङ–** अमेरिका र चीनबीच प्रविधि तथा रक्षा क्षेत्रमा बढ्दो प्रतिस्पर्धाबीच बेइजिङले १० अमेरिकी कम्पनीमाथि नयाँ निर्यात नियन्त्रण घोषणा गरेको छ । वासिङ्टनले चिनियाँ कम्पनीहरूलाई कालोसूचीमा राखेपछि चीनले त्यसको प्रतिकारस्वरूप रक्षा तथा दुर्लभ पृथ्वी खनिज क्षेत्रमा संलग्न अमेरिकी कम्पनीहरूलाई लक्षित गर्दै प्रतिबन्धात्मक कदम चालेको हो ।

चीनको वाणिज्य मन्त्रालयले सोमबार जारी गरेको विज्ञप्तिमा अमेरिकी सरकारले चिनियाँ कम्पनीहरूलाई तथाकथित 'चिनियाँ सैन्य उद्यम सूची' मा समावेश गरेको कदमको प्रतिक्रियास्वरूप नयाँ निर्यात नियन्त्रण लागू गरिएको जनाएको छ । मन्त्रालयका अनुसार यो निर्णय राष्ट्रिय सुरक्षाको संरक्षणका लागिसमेत आवश्यक ठानिएको हो ।

यस कदमले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चिनियाँ राष्ट्रपति सी चिनफिङसँगको भेटपछि सम्बन्ध सुधारको प्रयास गरिरहेको एक महिनापछि नयाँ तनाव सिर्जना गरेको छ । दुवै देशले व्यापार शुल्क घटाउने सहमति गरे पनि प्रविधि, रक्षा र सुरक्षा क्षेत्रका विवाद भने निरन्तर बढिरहेका छन् ।

यस महिनाको सुरुआतमा अमेरिकाले चिनियाँ सेनासँग सम्बन्ध रहेको आरोप लगाउँदै ८० वटा चिनियाँ कम्पनी र तिनका सहायक संस्थालाई कालोसूचीमा राखेको थियो । उक्त सूचीमा प्रविधि कम्पनी अलिबाबा र बाइडुका साथै विद्युतीय सवारी निर्माता बिवाइडीसमेत समावेश भएपछि चीनले प्रतिकारात्मक कदम चाल्ने संकेत दिएको थियो ।

चीनले प्रतिबन्ध लगाएका कम्पनीहरूमा अमेरिकी रक्षा तथा एयरोस्पेस क्षेत्रसँग आबद्ध एभिओक्स र ओस्कोश डिफेन्स रहेका छन् । ओस्कोश डिफेन्स अमेरिकी सैन्य सवारी उत्पादनमा संलग्न कम्पनी हो भने एभिओक्सले अमेरिकी सेनासँग रक्षा सम्झौताहरू गर्दै आएको छ ।

त्यसैगरी अमेरिकी दुर्लभ पृथ्वी खनिज उत्पादक एमपी मटेरियल्स र युएसए रेयर अर्थ पनि नयाँ सूचीमा परेका छन् । चीनले सूचीबद्ध संस्थाहरूलाई दोहोरो प्रयोगमा आउने वस्तु तथा सामग्री निर्यात गर्न प्रतिबन्ध लगाएको छ ।

वाणिज्य मन्त्रालयले सूचीमा रहेका कम्पनीहरूसँग सम्बन्धित सबै निर्यात गतिविधि तत्काल रोक्न निर्देशन दिएको छ । चीनमा उत्पादित दोहोरो प्रयोगका सामग्री कुनै पनि देश वा क्षेत्रका संस्था तथा व्यक्तिमार्फत ती कम्पनीहरूलाई उपलब्ध गराउन पनि रोक लगाइएको मन्त्रालयले जनाएको छ ।

यसैबीच चीनको वित्त मन्त्रालयले सार्वजनिक खरिदमा संलग्न सरकारी निकायहरूलाई ४६ अमेरिकी कम्पनीका उत्पादन खरिद गर्न प्रतिबन्ध लगाउने घोषणा गरेको छ । प्रतिबन्धमा लकहिड मार्टिन, रेथियोन र बोइङको रक्षा विभागका उत्पादनहरू पनि समावेश छन् । जनरल डायनामिक्स, एण्डुरिल इण्डस्ट्रिजका केही विभाग तथा विभिन्न एयरोस्पेस कम्पनीहरू पनि प्रतिबन्धित सूचीमा परेका छन् । यद्यपि चीनमा सञ्चालन गरिरहेका अमेरिकी लगानी भएका कम्पनीहरूलाई भने यी उपायबाट बाहिर राखिएको वित्त मन्त्रालयले जनाएको छ । नयाँ नियम सोमबारदेखि लागू भएको छ ।

चीनले यसअघि पनि ताइवानलाई अमेरिकी हतियार बिक्री गरेको आरोपमा सन् २०२४ र २०२५ मा तीमध्ये केही अमेरिकी कम्पनी र तिनका सहायक संस्थामाथि प्रतिबन्ध लगाइसकेको थियो । ताइवानले बेइजिङबाट बढ्दो सैन्य र राजनीतिक दबाब सामना गर्न अमेरिकाको सहयोगमा ठूलो निर्भरता राख्दै आएको छ । चीनले ताइवानलाई आफ्नो भूभागको हिस्सा मान्दै आएको छ र आवश्यक परे बल प्रयोग गर्न सक्ने चेतावनी पनि दिँदै आएको छ ।

अमेरिकी विदेशमन्त्री मार्को रुबियोले यस महिनामात्र ताइवानका लागि प्रस्ताव गरिएको १४ अर्ब अमेरिकी डलर बराबरको हतियार प्याकेज समीक्षा प्रक्रियामा रहेको बताएका थिए । मे महिनामा सी चिनफिङसँगको भेटपछि राष्ट्रपति ट्रम्पले सार्वजनिकरूपमा अमेरिका-चीन सम्बन्ध सुधारको सन्देश दिन खोजेका थिए । गत साता फ्रान्समा सम्पन्न जी-७ सम्मेलनका क्रममा उनले इरानसँगको अमेरिकी द्वन्द्वमा तटस्थ भूमिका अपनाएको भन्दै चिनियाँ नेतृत्वको प्रशंसा पनि गरेका थिए । *रासस/एएफपी*

इरान-अमेरिका वार्तामा सहमति

# आगामी ६० दिनभित्र अन्तिम सम्झौतामा पुग्ने




**बर्गेनस्टक–** मध्यपूर्वमा जारी द्वन्द्व अन्त्य गर्ने उद्देश्यले इरान र संयुक्त राज्य अमेरिकाबीच स्विट्जरल्याण्डको बर्गेनस्टक रिसोर्टमा भएको पहिलो चरणको वार्ता सोमबार सम्पन्न भएको छ । दुवै पक्षले आगामी ६० दिनभित्र अन्तिम सम्झौतामा पुग्ने रोडम्यापमा सहमति जनाउँदै प्राविधिक तहका वार्ता निरन्तर जारी राख्ने निर्णय गरेका छन् ।

पाकिस्तान र कतारको मध्यस्थतामा सम्पन्न वार्तापछि जारी संयुक्त विज्ञप्तिअनुसार तेहरान र वासिङ्टनद्वारा गठित उच्चस्तरीय समितिले अन्तिम सम्झौताका लागि कार्ययोजना तय गरेको छ । बाँकी प्राविधिक विषयमा यसै साता बर्गेनस्टकमा थप छलफल हुने जनाइएको छ ।

वार्ताका क्रममा लेबनानमा सैन्य गतिविधिको अन्त्य कार्यान्वयन सुनिश्चित गर्न अमेरिका, इरान, लेबनानी सरकार तथा मध्यस्थकर्ताको सहभागितामा द्वन्द्व व्यवस्थापन संयन्त्र स्थापना गर्ने सहमति पनि भएको छ । इरानी विदेशमन्त्री अब्बास अराघचीले यसलाई शान्ति प्रक्रियाको पहिलो वास्तविक परीक्षणका रूपमा उल्लेख गरेका छन् ।

त्यसैगरी, 'स्ट्रेट हफ हर्मुज' हुँदै व्यावसायिक जहाजहरूको सुरक्षित आवागमन सुनिश्चित गर्न तथा सम्भावित आपसी भ्रम र घटनाबाट बच्न दुवै पक्षले विशेष 'सञ्चार लाइन' स्थापना गरेका छन् । यो व्यवस्था प्रारम्भिक समझदारीपत्रमा उल्लेख गरिएको ६० दिने अवधिभर लागू रहने छ ।

इरानी विदेशमन्त्री अराघचीले सामाजिक सञ्जाल एक्समार्फत तेल तथा पेट्रोकेमिकल निर्यातसम्बन्धी प्रतिबन्ध हटाइएको, केही रोक्का सम्पत्ति फुकुवा गरिएको र पुनर्निर्माण तथा विकास कार्यक्रम सुरु गरिएको दाबी गरेका छन् । यद्यपि पाकिस्तान-कतारको संयुक्त विज्ञप्तिमा इरानी सम्पत्ति फुकुवासम्बन्धी कुनै उल्लेख गरिएको छैन ।

यसअघि हस्ताक्षर भएको समझदारीपत्रमा अमेरिकाले इरानमाथिका सबै प्रकारका प्रतिबन्ध अन्त्य गर्ने तथा रोक्का वा प्रतिबन्धित कोष र सम्पत्ति प्रयोगका लागि उपलब्ध गराउने प्रतिबद्धता जनाएको उल्लेख छ ।

वार्ताको सफलतासँगै पाकिस्तान र कतारले मध्यस्थकर्ताका रूपमा महत्त्वपूर्ण अन्तर्राष्ट्रिय भूमिका निर्वाह गरेका छन् । संयुक्त विज्ञप्तिमा दुवै देशले अन्तिम सम्झौतासम्म वार्तालाई रचनात्मक वातावरणमा अगाडि बढाउन निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । *रासस/एएफपी*

## 'वार्ताले अन्तिम सम्झौताका लागि राम्रो आधार तयार पारेको छ'

**बुर्गेनस्टक, स्विट्जरल्याण्ड–** अमेरिकी उपराष्ट्रपति जेडी भान्सले सोमबार स्विट्जरल्याण्डमा भएको पहिलो चरणको अमेरिका-इरान वार्ताले मध्यपूर्व युद्ध समाप्त गर्न अन्तिम सम्झौता गर्नका लागि राम्रो आधार तयार पारेको बताएका छन् ।

'हामीले सफल अन्तिम सम्झौताका लागि निकै राम्रो आधार तयार पारेका छौं,' बुर्गेनस्टक रिसोर्टमा पत्रकारहरूसँग कुराकानी गर्दै भान्सले भने । यो वार्ता आइतबार सुरु भएको थियो र राति अबेरसम्म चलेको थियो ।

उनले भने, 'मध्यपूर्वको शान्तिका लागि अन्तिम सम्झौता एउटा पूर्ण संरचना हो भने हामीले स्विट्जरल्याण्डमा भइरहेको वार्ताबाट यसका लागि जग बसालेका छौं । राम्रो ठाउँमा पुग्न सफल आधार तयार पारेका छौं ।'

'हामी सबैले कति काम भयो भन्ने कुराको महत्त्व बुझ्नु आवश्यक छ, तर इमानदारीपूर्वक भन्नुपर्दा अझै धेरै काम बाँकी छ । हामीले आणविक वार्ता, आर्थिक वार्तामा प्रगति गरिरहेका छौं, जलमार्गहरूबाट विष्फोटक पदार्थ हटाउने काम गरिरहेका छौं र त्यहाँ यातायातको प्रवाह फेरि बढोस् भन्ने सुनिश्चित गरिरहेका छौं । धेरै प्रगति भएको छ तर अझै केही काम गर्न बाँकी छ । हामी ठ्याक्कै त्यही गर्न प्रतिबद्ध छौं ।'

उनले रणनीतिकरूपमा महत्त्वपूर्ण हर्मुज जलडमरु मार्ग 'खुला रहेको' बताए र विगतमा रोकिएको लाखौं ब्यारेल कच्चा तेल र प्राकृतिक ग्यासको ढुवानी अहिले भइरहेको उल्लेख गरे । *रासस/एएफपी*

# दक्षिण कोरियाका पूर्वकानुनमन्त्रीलाई २५ वर्ष जेल सजाय

**सियोल–** दक्षिण कोरियामा पूर्वराष्ट्रपति युन सुक योलको विवादास्पद मार्सल ल घोषणासँग सम्बन्धित मुद्दामा अर्को उच्चस्तरीय फैसला आएको छ । सियोलको एक अदालतले पूर्वकानुनमन्त्री पार्क सुङ-जेलाई विद्रोहमा संलग्न रहेको ठहर गर्दै २५ वर्षको जेल सजाय सुनाएको छ ।

यो फैसला सियोल केन्द्रीय जिल्ला अदालतले सोमबार सुनाएको हो । राष्ट्रिय समाचार संस्था योन्हापका अनुसार अदालतले पार्कलाई युन प्रशासनले सन् २०२४ मा लागू गरेको मार्सल लसँग सम्बन्धित विद्रोही गतिविधिमा सहभागी भएको निष्कर्ष निकालेको छ ।

पूर्वराष्ट्रपति युन सुक योलले डिसेम्बर २०२४ मा घोषणा गरेको मार्सल ल करिब छ घण्टामात्र कायम रहेको थियो । संसद् सदस्यहरू राष्ट्रिय सभामा पुगेर आपत्कालीन बैठकमार्फत उक्त निर्णय खारेज गरेपछि मार्सल ल अन्त्य भएको थियो । त्यस घटनापछि दक्षिण कोरिया गम्भीर राजनीतिक संकटमा फसेको थियो ।

युनमाथि विद्रोहको नेतृत्व गरेको आरोपमा मुद्दा चलाइएको छ र उनी हाल हिरासतमा रहँदै आजीवन कारावासको सजायविरुद्ध अपिल गरिरहेका छन् । यसै महिनाको सुरुमा उत्तर कोरियातर्फ ड्रोन पठाएर राष्ट्रिय संकट सिर्जना गर्न खोजेको आरोपमा उनलाई थप ३० वर्षको जेल सजाय सुनाइएको थियो ।

अभियोजन पक्षका अनुसार मार्सल ल लागू भएको प्रारम्भिक समयमा पार्कले न्याय मन्त्रालयका अधिकारीहरूको बैठक बोलाएका थिए । त्यही क्रममा सरकारविरोधी व्यक्तिहरूलाई पक्राउ गर्नुपरेमा कारागारहरूको क्षमता जाँच्नसमेत निर्देशन दिइएको थियो ।

अदालतको फैसलाअनुसार कानुनमन्त्रीको हैसियतमा उनले मार्सल ल कमाण्डसँग सहकार्य गर्न निर्देशन दिएका थिए र आदेश प्रभावकारीरूपमा कार्यान्वयन हुने विश्वासका आधारमा काम गरेका थिए । अभियोजन पक्षले पार्कका लागि २० वर्ष जेल सजाय माग गरेको थियो । उनले आफ्नो अधिकारको दुरूपयोग गर्दै कानुनलाई विद्रोहको माध्यम बनाएको र कानुनी शासनमाथि चुनौती दिएको अभियोजकहरूको तर्क थियो । साथै, उनले कुनै पश्चात्ताप नदेखाएको आरोप पनि लगाइएको थियो ।

पूर्वराष्ट्रपति युनको रातिको टेलिभिजन सम्बोधनमार्फत गरिएको मार्सल ल घोषणाले दक्षिण कोरियामा अभूतपूर्व राजनीतिक संकट निम्त्याएको थियो । त्यसपछि देशभर विरोध प्रदर्शन भएका थिए, सेयर बजारमा गिरावट आएको थियो र अमेरिकालगायत प्रमुख सहयोगी राष्ट्रहरू पनि अप्रत्याशितरूपमा प्रभावित भएका थिए ।

युन प्रशासनसँग सम्बन्धित धेरै उच्च अधिकारीहरूलाई यसअघि नै विभिन्न सजाय सुनाइसकिएको छ । पूर्वप्रधानमन्त्री हान डक-सुलाई १५ वर्षको जेल सजाय दिइएको छ भने पूर्वगृहमन्त्री ली साङ-मिन नौ वर्षको जेल सजाय भोगिरहेका छन् । गत साता पूर्वरक्षामन्त्रीलाई विद्रोहसँग सम्बन्धित गोप्य सैन्य सूचना सार्वजनिक गरेको अभियोगमा तीन वर्षको जेल सजाय सुनाइएको थियो ।

यसैबीच पूर्वराष्ट्रपति युनकी पत्नी किम केओन ही पनि सेयरबजार हेरफेर तथा घुसखोरीसम्बन्धी मुद्दामा चार वर्षको जेल सजाय भोगिरहेकी छन् । ती आरोपहरू भने मार्सल ल प्रकरणसँग प्रत्यक्ष रूपमा सम्बन्धित छैनन् । पछिल्ला फैसलाहरूले दक्षिण कोरियामा मार्सल ल प्रकरणमा संलग्न उच्च अधिकारीहरूमाथि कानुनी कारबाही अझ कडा बन्दै गएको संकेत गरेका छन् । *रासस/एएफपी*


## गोलिया काठको बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८३/०३/०९ गते**

ललितपुर जिल्लाका तपसिल बमोजिमका सामुदायिक वन क्षेत्रमा संकलन भएको गोलिया काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक संस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशित मितिले २१ दिन भित्रमा बोलपत्र फारम खरिद गरी यसै कार्यालयमा २२ औं दिन दिउसो १:०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न सूचित गरिन्छ । विस्तृत सूचना सम्बन्धित यस समूहको कार्यालय, बागमती सब डिभिजन वन कार्यालय प्युटार तथा डिभिजन वन कार्यालय ललितपुरको सूचना पार्टीमा टाँस गरिको व्यहोरा सूचित गरिन्छ ।

**तपसिल**

| सि.नं. | सामुदायिक वन समूहको नाम ठेगाना | प्रजाति | काठको परिमाण |
|---|---|---|---|
| १. | खैरेनीवेशी सामुदायिक वन उपभोक्ता समूह, बागमती गा.पा. ०४, ललितपुर | खयर | गो. थान ६४२ को ७१९.१५ क्यू.फि. काठ (पलाँस सहित) |
| २. | लुकुनीवेशी सामुदायिक वन उपभोक्ता समूह, बागमती ०६, ललितपुर | खयर | गो. थान १७० को १९६.८९ क्यू.फि. काठ (पलाँस सहित) |

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २८८७०० | प्रति तोला – ० | प्रति तोला – ४७३० |



**लहलह ड्रागन फ्रुटको फूल** | दाङको घोराही–१८ स्थित अखबरेमा रुकुमपूर्वको तकसेराका दिलचन बुढाले व्यावसायिक रूपमा सञ्चालन गरेको ड्रागन फ्रुट फार्ममा फुलेको ड्रागन फ्रुटको फूल । ड्रागन फ्रुटको फूल प्रायः रातिको समयमा फुल्ने भएकाले यसलाई ‘रातकी रानी’ भनेर पनि चिनिन्छ । *तस्बिरः रासस*

# अन्तर्राष्ट्रिय हवाई सञ्जालमा जोडिँदै पोखरा

■ **राम थापा**



**गण्डकी–** फ्लाइ दुबईले आगामी असोज ७ गतेदेखि पोखरा-दुबई सिधा उडान सेवा सुरु गर्दैछ । विश्वव्यापी हवाई ट्रान्जिट हब दुबईसम्मको सिधा उडानले पोखरालाई अन्तर्राष्ट्रिय हवाई सञ्जालमा जोड्ने छ । सञ्चालनमा आएको तीन वर्ष बितिसक्दासमेत पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित अन्तरदेशीय उडान हुन सकेको थिएन ।

सन् २०२५ को मार्चमा हिमालय एयरलाइन्सले पहिलोपटक पोखरा-ल्हासा नियमित व्यावसायिक उडान सुरू गरे पनि यात्रु सफ्या न्यून हुँदा उक्त उडान सेवा हाल स्थगन छ । पोखरा-दुबई उडान पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट हुन लागेको दोस्रो व्यावसायिक उडान हो । यसअघि चीन, भारत र भुटानका विभिन्न गन्तव्यमा चार्टर उडान भने हुँदै आएको थियो ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक जगन्नाथ निरौलाले दुबई-पोखरा-दुबईको उडान तालिका स्वीकृत भएसँगै फ्लाई दुबईले टिकट बुकिङ खुला गरिसकेको बताए । ‘पोखराको अन्तर्राष्ट्रिय हवाई पहुँच विस्तारमा यो महत्वपूर्ण उपलब्धि हो, यसले सिङ्गो गण्डकी प्रदेश र मुलुकलाई नै प्रत्यक्ष लाभ पुग्छ’, उनले भने, ‘पोखरादेखि दुबई भएर युरोप, अमेरिकालगायत विभिन्न गन्तव्य मुलुकमा जाने यात्रुलाई धेरै सहजता थपिन्छ, यात्राअवधि छोटिँदा खर्च पनि घट्छ ।’

पर्यटकीय राजधानीसमेत रहेको पोखरासहित यहाँका पर्यटकीय क्षेत्रको घुमफिरका लागि विदेशी पर्यटकहरू सिधैँ पोखरा आउन सक्ने महाप्रबन्धक निरौलाले बताए । वैदेशिक राजगोरी, अध्ययन, घुमफिर आदिका लागि अरब मुलुकसहित अन्य देशमा जाने यात्रु तथा सर्वसाधारणका लागि पोखरा-दुबई उडान सेवा लाभदायी हुने देखिएको छ ।

विश्वकै व्यस्त र महत्वपूर्ण मानिने हवाई ट्रान्जिट हब दुबईमा हुने उडानले अन्तर्राष्ट्रिय क्षेत्रमा पोखराको सिधा हवाई पहुँच पुग्ने पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले बताए । उनका अनुसार फ्लाइ दुबई र इमिरेट्स एयरलाइन्सबीच रणनीतिक कोडसेयर साझेदारीअन्तर्गत पोखरा-दुबई उडान सेवा सञ्चालन हुनेछ । पोखरादेखि अष्ट्रेलिया, युरोप वा अमेरिकी सहरहरूमा पुग्ने यात्रुहरूले एउटै टिकटबाट यात्रा गर्न सक्ने र गन्तव्यसम्म पुग्दा कुनै झण्झट नुहने प्रमुख आचार्यले बताए ।

इमिरेट्स एयरलाइन्सले दुबई अन्तर्राष्ट्रिय विमानस्थलको टर्मिनल ३ लाई आफ्नो प्रमुख हब बनाएर विश्वका छ वटा महादेशका ७६ देशमा रहेका १४३ भन्दाबढी देशहरूमा जोड्दै आएको उनको भनाइ छ । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक निरौलाले एयरलाइन्सहरूबीच हुने कोडसेयर साझेदारीले यात्रुको ट्रान्जिटलाई सहज बनाउने बताए । ‘पोखरादेखि दुबई हुँदै अन्य देशमा जाने यात्रुहरू एउटै टिकटबाट यात्रा गर्न सक्छन्, लगेज आफैँ सार्नुपर्ने झण्झट पनि हुँदैन’, उनले भने, ‘दुबईसम्म एउटा विमानले यात्रु बोक्छ, त्यहाँ ट्रान्जिटपछि अर्को विमानले गन्तव्यमा पुर्‍याउँछ ।’

पोखरा-दुबई उडानका लागि गत जेठ २५ गते नेपाल नागरिक उड्यन प्राधिकरणले फ्लाई दुबईलाई अनुमति दिएको थियो । त्यसअघि फ्लाई दुबईको टोलीले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको उच्चस्तरीय सुरक्षा, सेफ्टी तथा सञ्चालनसम्बन्धी निरीक्षण गरेको थियो । सरकारले आगामी आव २०८३/८४ को नीति तथा कार्यक्रममा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय वायुसेवा प्रदायकलाई आकर्षित गर्न कूटनीतिक पहल गर्ने जनाएको केही समयमै फ्लाई दुबईले उडान अनुमति पाएको हो ।

विमानस्थलका महाप्रबन्धक निरौलाले पोखराबाट उडान सेवा सुरु गर्न एयर अरेबियाले चासो देखाएको बताए । ‘पोखराबाट अन्तर्राष्ट्रिय उडान सञ्चालनको दिगोपनाका लागि निजी क्षेत्रलगायत सबै पक्षको सकारात्मक सहयोगको खाँचो छ’, उनले भने, ‘पोखराबाट नियमित अन्तर्राष्ट्रिय उडान हुँदा मुलुकको पर्यटन र अर्थतन्त्रमा ठूलो टेवा पुग्छ, सर्वसाधारण यात्रुहरूले सहज सुविधा पाउँछन् ।’

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नेपालको तेस्रो अन्तर्राष्ट्रिय हवाई प्रवेशद्वारका रहेको छ । काठमाडौं केन्द्रित रहेको हवाई चापलाई विकेन्द्रीकरणसँगै पर्यटन प्रवर्द्धन र आर्थिक गतिविधिका लागि पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित अन्तरदेशीय उडान हुनुपर्ने आवाज उठ्दै आएको छ । दुबईसँग प्रत्यक्ष हवाई सम्पर्क स्थापित हुँदा मध्यपूर्व, युरोप, अफ्रिका लगायतका ३०० भन्दा बढी सहरहरूसँग पोखराको पहुँच पुग्ने जनाइएको छ ।

झण्डै रु २२ अर्ब ऋणमा बनेको यस विमानस्थल हाल आन्तरिक उडानमा मात्र सीमित छ । सन् २०२३ को जनवरी १ मा यस विमानस्थलको उद्घाटन गरिएको थियो । स्वदेशी वायुसेवा प्रदायक कम्पनीले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट संघीय राजधानी काठमाडौं, भरतपुर, भैरहवालगायतका गन्तव्यमा आन्तरिक उडान गर्दै आएका छन् ।

पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल बनाउने ५० वर्षअघिको योजनाले सार्थकता पाए पनि विमानस्थल पूर्ण रूपमा सञ्चालनमा आउन सकेको छैन । अन्तर्राष्ट्रिय विमानस्थल बनेपछि ठूलो सफ्यामा विदेशी पर्यटक भित्रने आशमा रहेका पर्यटन व्यवसायी विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय उडानको पर्खाइमा छन् ।

पोखरा-दुबई सिधा उडानले पोखरा र सिंगो गण्डकी प्रदेशको आर्थिक समृद्धिको ढोका खुल्ने उद्योग वाणिज्य महासंघ, गण्डकीका अध्यक्ष नरेश कँडेलले बताए । ‘गण्डकी प्रदेशबाट मध्यपूर्वका देशदेखि युरोप, अमेरिकासम्म रोजगार र अध्ययनका लागि जानेको सफ्या ठूलो छ’, उनले भने, ‘पोखरा-दुबई उडानले ती यात्रुलाई घर आउन सहज र कम खर्चिलो बन्नेछ, पोखरालगायत आसपासका गन्तव्यमा आउने पर्यटक अब सिधैँ पोखरा आउन पाउँछन् ।’ *रासस*

# हेटौँडा कपडा उद्योग पुनः सञ्चालनको तयारी

■ **प्रभाव संवाददाता**

**बागमती–** लामो समयदेखि बन्द अवस्थामा रहेको हेटौँडा कपडा उद्योगलाई पुनः सञ्चालनमा ल्याउने सरकारको तयारीसँगै सरकारी निकायबाट यसको स्थलगत अनुमगनसँगै सक्रियता बढाइएको छ ।

हेटौँडा औद्योगिक क्षेत्रभित्र २०३२ सालमा स्थापना भएर २०३५ देखि सञ्चालित हेटौँडा कपडा उद्योग २०५७ सालदेखि बन्द भएको थियो । त्यसयता उक्त कपडा उद्योग पुनः सञ्चालनमा ल्याउन पटकपटक प्रयास भए पनि प्रयासले सार्थकता पाउन सकेको थिएन । यस वर्ष यसको सञ्चालनका लागि सरकारले चासो बढाएसँगै सरकारी तवरबाट स्थलगत अनुगमनसँगै सक्रियता बढाइएको औद्यागिक क्षेत्र व्यवस्थापन लिमिटेड हेडौँडा कार्यालयका सूचना अधिकारी हिमालय भण्डारीले जानकारी दिए ।

‘कपडा उद्योगसँगै तत्कालीन समयमा नै यससँग सम्बन्धित बुटवलमा धागो कारखाना र बाँकेको नेपालगन्जमा कपास उत्पादन कारखाना पनि सँगसँगै सञ्चालनमा ल्याइएको थियो’, सूचना अधिकारी भण्डारीले भने, ‘हेटौँडा कपडा उद्योग बन्द भएपछि यी दुई उद्योग पनि बन्द भएका थिए ।’

त्यसयता समयसमयमा यसको पुनः सञ्चालनको प्रयास भने भइरहेको उनले जानकारी दिए । कपडा उद्योग पुनः तत्कालै सञ्चालन गर्न सकिने अवस्थामा रहेको बताउँदै सूचना अधिकारी भण्डारीले त्यहाँ रहेका उपकरण सामान्य मर्मतपछि प्रयोग गर्न सकिने अवस्थामा रहेको जानकारी दिए । हेटौँडा कपडा उद्योगको पुनः सञ्चालनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले अग्रसरता लिएको बताउँदै उनले यसबीचमा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले उद्योगको स्थलगत अनुगमन गरेको बताए ।

त्यस्तै उद्योगको हेटौँडा उपमहानगर प्रमुख मीनाकुमारी लामा, मकवानपुरका प्रमुख जिल्ला अधिकारीसहितको टोलीले पनि स्थलगत निरीक्षणसँगै जानकारी लिएको उनले बताए । मन्त्री यादवले आगामी आर्थिक वर्ष २०८३/८४ को वार्षिक विनियोजित बजेटमाथि प्रतिनिधिसभामा सांसदहरूले उठाएका प्रश्नहरूको जवाफ दिने क्रममा सरकारले हेटौँडा कपडा उद्योग यसै वर्षबाट सञ्चालनमा ल्याउने तयारी गरेको बताएका थिए ।

रुग्ण उद्योगहरूमध्ये हेटौँडा कपडा उद्योग सबैभन्दा पहिला सञ्चालनमा आउने बताउँदै उनले कपडा उद्योगका लागि बुटवल धागो र कपासखेती पनि यसै वर्ष सञ्चालनमा ल्याउने जानकारी गराएका थिए । कपडा उद्योग बन्द भएसँगै उक्त उद्योग परिसरमा २०७५ सालदेखि सशस्त्र प्रहरी सुरक्षा बल १४ नम्बर गण बस्दै आएको छ । सशस्त्र प्रहरी बस्नुअघि त्यहाँको सुरक्षाका लागि दुई कर्मचारीमात्र थिए । सशस्त्र बस्नुअघि लागुऔषध प्रयोग गर्ने दुर्व्यसनीहरूको अखडा बनेकामा अहिले भने उद्योग पूर्ण सुरक्षित रहेको छ । सरकारी चासोसँगै उद्योग परिसरमा सशस्त्र प्रहरी, नेपाली सेना र नेपाल प्रहरीले संयुक्त रूपमा सरसफाइ गरिएको छ ।

# मधेसमा घट्यो गहुँ उत्पादन

■ **प्रभाव संवाददाता**

**जनकपुरधाम–** गहुँ उत्पादनका लागि उर्वर र अग्रणी मानिएको मधेस प्रदेशमा यस वर्ष गहुँ उत्पादनमा कमी आएको छ ।

मधेस प्रदेश कृषि निर्देशनालय नक्टाझिज धनुषाका अनुसार यस वर्ष मधेस प्रदेशमा तीन लाख ७३२ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर १.८ मेट्रिक टनका दरले पाँच लाख ४३ हजार १६० मेट्रिक टन गहुँ उत्पादन भएको छ ।

अघिल्लो वर्ष मधेस प्रदेशमा एक लाख ७८ हजार ४३३ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर ३.३७ मेट्रिक टनका दरले सात लाख ३१ हजार मेट्रिक टन गहुँ उत्पादन भएको थियो ।

यस वर्ष सबैभन्दा बढी धनुषामा ३३ हजार ५०० हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर २.९४ मेट्रिक टनका दरले ९८ हजार ४९० मेट्रिक टन गहुँ उत्पादन भएको मधेस प्रदेश कृषि निर्देशनालयका बागबानी विकास अधिकृत किरण विश्वकर्माले जानकारी दिए ।

बागबानी विकास अधिकृत विश्वकर्माका अनुसार रौतहटमा १७ हजार २९२ हेक्टरमा प्रतिहेक्टर ३.०५ मेट्रिक टनका दरले ५२ हजार ७४१ मेट्रिक टन, सर्लाहीमा २७ हजार ४०० हेक्टरमा प्रतिहेक्टर २.५४ मेट्रिक टनका दरले ६९ हजार ५९६ मेट्रिक टन र महोत्तरीमा २७ हजार हेक्टरमा प्रतिहेक्टर २.६ मेट्रिक टनका दरले ७२ हजार ८०० मेट्रिक टन गहुँ उत्पादन भएको छ ।

त्यसैगरी सप्तरीमा २९ हजार ४०० हेक्टरमा प्रतिहेक्टर २.८ मेट्रिक टनका दरले ८२ हजार ३२० मेट्रिक टन, बारामा २९ हजार हेक्टरमा प्रतिहेक्टर २.४८ मेट्रिक टनका दरले ७१ हजार ९२० मेट्रिक टन, पर्सामा २३ हजार २० हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर २.६ मेट्रिक टनका दरले ५९ हजार ८५२ मेट्रिक टन र सिरहामा १४ हजार १७६.४८ हेक्टरमा प्रतिहेक्टर २.५१ मेट्रिक टनका दरले ३५ हजार ४४१ मेट्रिक टन गहुँ उत्पादन भएको अधिकृत विश्वकर्माले बताए ।

प्रतिकूल मौसम, रोग कीराको प्रकोप र सिँचाइ तथा गुणस्तरीय बीउबिजनको अभावका कारण यस वर्ष गहुँ उत्पादनमा ह्रास आएको मधेस प्रदेश कृषि निर्देशनालयका निर्देशक जितेन्द्र यादवले बताए ।


**मधुमेह (डायबिटिज) रोगबाट बचौं ।**

**शरीरमा चिनीको मात्रा बढी हुँदा मधुमेह हुनसक्छ,**

**मधुमेहले,**
- विभिन्न अंगमा क्षति पुऱ्याउन सक्छ,
- मुटु र मिर्गौलामा क्षति पुऱ्याउन सक्छ,
- अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउन सक्छ ।

**मधुमेहबाट बच्न,**
- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य पदार्थको सेवन कम गरौं,
- जंकफुड तथा तारेका, भुटेका र प्रशोधित खानाहरू नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं,
- रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,

**नियमित स्वास्थ्य परीक्षण गरौं, मधुमेहबाट बचौं ।**

**नेपाल सरकार विज्ञापन बोर्ड**


## विज्ञापन वापतको रकम भुक्तानी गर्नेबारे अत्यन्त जरुरी सूचना

यस **प्रभाव राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा अन्य विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको **बाँकी बक्यौता रकम भुक्तानी**का लागि पटक पटक मौखिक तथा लिखित अनुरोध गर्दा पनि भुक्तानी नगर्नु भएकोले यही **मिति २०८३ असार २५ गते**भित्र भुक्तानी गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **प्रभाव राष्ट्रिय दैनिक**को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हालसम्म उपलब्ध गराइएको कमिसन सुविधासमेत उपलब्ध गराउन नसकिने तथा रकम भुक्तानी नगर्ने कम्पनी, संस्थाहरूका सञ्चालकको नाम र फोटो सहित सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून वमोजिम कार्वाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

लेखा शाखा

**प्रभाव पब्लिकेसन प्रा.लि.**

सिफल-७, काठमाडौं, नेपाल, फोन: ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१९८१५४००

Email:Marketing2prabhab@gmail.com

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ